# लेखापरीक्षण प्रतिवेदन

## काठेखोला गाउँपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# काठेखोला गाउँपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/836

श्रीमान् अध्यक्षज्यू,
काठेखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बागलुङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं


प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/836

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,

काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बागलुङ।

### विषयः लेखापरीक्षण प्रतिवेदन।

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको रु.१ अर्ब ४३ करोड ७४ लाख १७ हजार लेखापरीक्षण गरिएकोमा रु.३१ लाख २० हजार (०.२१ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२० लाख ३७ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.६ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु.१ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ लाख ०७ हजार रहेको छ। गत वर्षसम्म रु.१४ करोड ७४ लाख १५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.८७ लाख ७७ हजारको सम्परीक्षण भएकोमा सम्परीक्षणबाट रु.९ लाख २२ हजार बेरुजु कायम भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१४ करोड ६ लाख ४३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३ **अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १२५ | ९४ | ३१,२०,१०४ | ० | ४७ | २०,३७,१९१ | ० | १२५ | ४७ | १०,८२,९१३ | ६,५२,९७८ | १,२२,९३५ | ३,०७,००० | ० | ० | ४,२९,९३५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | १४,७४,१४,७३८ | ० | ८७,७६,५२० | १३,८६,३८,२१८ | ९,२२,००० | १०,८२,९१३ | १४,०६,४३,१३१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०८१/८२ | स्वास्थ्य तर्फः | ४५,९०० |
| २ | २०८१/८२ | शिक्षा तर्फः | १५,५४,१७१ |
| ३ | २०८१/८२ | जिन्सी दाखिला : | ३,५२,००० |
| ४ | २०८१/८२ | कार्यक्रम खर्च परीक्षणः | ८५,१२० |
| **यस वर्षको जम्मा** | | | **२०,३७,१९१** |
| ५ | २०८०/८१ | पेश्कीः | १४,२१,६३८ |
| | | | |

| | | | |
|---|---|---|---|
| ६ | २०८०/८१ | एकपाटा बौर सडक योजना संघिय समपूरक : | ६,६५,००० |
| ७ | २०७७/७८ | सेनेटरी प्याड खरिद | ९,२२,४३० |
| ८ | २०७७/७८ | सम्पुरक अनुदान | ४०,९८,७३९ |
| ९ | २०७७/७८ | प्राविधिक भत्ता बढी निकासा | ४८,००० |
| १० | २०७७/७८ | प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाई लगायत अन्य अनुदान | ३७,३५० |
| ११ | २०७७/७८ | पाठ्यपुस्तकमा बढी निकासा | ४२,४८३ |
| १२ | २०७७/७८ | पदाधिकारी पारिश्रमिक कर | २६,८८० |
| १३ | २०७७/७८ | नमूना विद्यालयका प्र अ र शिक्षकलाई प्रोत्साहन अनुदान | २,००,००० |
| १४ | २०७७/७८ | छात्रवृति अनुदान | १४,००० |
| १५ | २०७७/७८ | अनुदान छनोटको आधार र अनुदानको उपयोग | १३,००,००० |
| **गत विगतको जम्मा** | | | **८७,७६,५२०** |
| **कूल जम्मा** | | | **१,०८,१३,७११** |

# काठेखोला गाउँपालिका, बाग्लुङ

# ( ८०४४५५०१३०० )

# काठेखोला गाउँपालिका , बाग्लुङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ८२.८८ वर्ग किलोमिटर, २२५२६ जनसंख्या तथा ५८९२ घरधुरी रहेको छ भने सदरमुकाम देखि ८ कि.मि. टाढा रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।२४ देखि २०८२।०८।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको यस आर्थिक वर्षको आय-व्यय तर्फ गरी रु.१ अर्ब ४३ करोड ७४ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन् ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८२६२.० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | लागत साझेदारी बापतको रकम दाखिला प्राप्त भएको | ८२६२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक विवरण र अभिलेखः**

२.१ **वित्तीय प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ भने स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| **सुरुमौज्दात** | ०.० | **चालुखर्च** | ८९५२१४८४.० |
| १.संचितकोष | ११५७०८०८.० | १. पालिकातर्फ | ०.० |
| २.धरौटी | ८२७४६०३.० | २. संघीयसशर्त | २७८४३२५०४.८ |
| ३.कार्यसञ्चालनकोष | १२६९३२९.० | ३. संघीयविशेष | ०.० |
| ४.अन्य कोष | ८०२०२५०.० | ४. प्रदेशसशर्त | ०.० |
| **यसवर्षको आय** | ०.० | ५. प्रदेशविशेष | ०.० |
| **१.आन्तरिकआय** | ७३०६९८२.७ | **पुँजीगतखर्च** | ०.० |
| **२.वित्तीय हस्तान्तरण (संघ)** | ०.० | **१. पालिकातर्फ** | १२६९४१७९६.० |
| क)समानीकरण अनुदान | ९१६६८२४०.० | **२. संघीयसशर्त** | ९९५०९३.० |
| ख)राजस्व बाँडफाँट | ८००८४३५६.० | **३. संघीयविशेष** | १९९७०७८८.० |
| ग)सशर्त अनुदान | १००००००.० | ४. संघीयसमपुरक | १०००००००.० |
| ग)सशर्त अनुदान | ३००८२००००.० | ५. प्रदेशसशर्त | |
| समपुरकअनुदान | १०००००००.० | ६. प्रदेशविशेष | ३७१७०००.० |
| ङ)विशेष अनुदान | १९९७०७८८.० | ७. प्रदेशसमपुरक | ५१११६००.० |
| छ)अन्य | ०.० | अन्तरसरकारी अख्तियारी (संघ) | |
| **३.वित्तीय हस्तान्तरण (प्रदेश)** | ०.० | क) सामाजिकसुरक्षा | १५१३४५५५८.० |
| क)समानीकरण अनुदान | १२९६९०००.० | ख) गरिबसँगविशेश्वर कार्यक्रम | ०.० |
| ख)राजस्व बाँडफाँट | ५८९३१७७.० | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ८८५४१८१.० |
| ग)सशर्त अनुदान | ०.० | अन्तरसरकारी अख्तियारी (प्रदेश) | ०.० |
| घ)समपुरक अनुदान | ५११६०००.० | ऋणफिर्ता(साँवा) | ०.० |
| ङ)विशेष अनुदान | ३७१७०००.० | **ऋणको ब्याजभुक्तानी** | ०.० |
| च)रोयल्टी | ०.० | **धरौटीफिर्ता तथा सदर स्याहा** | ४७७३३४५.० |
| छ)अन्य | ०.० | **कार्यसञ्चालनकोषबाट भएको खर्च** | ०.० |
| **४.अन्तर सरकारी अख्तियारी (संघ)** | ०.० | **अन्यकोषबाट भएको खर्च** | ७९८०९०२.० |
| क)सामाजिक सुरक्षा | १५१३४५५५८.० | **गैरसरकारीसंस्थाबाट सञ्चालित योजना** | ०.० |
| ख)गरिबसँग विशेश्वर कार्यक्रम | ०.० | **अन्यसहयोगमा सञ्चालित योजना** | ०.० |
| स्वास्थ्यक्षेत्र सुधार | ८८५४१८१.० | **अन्य खर्चभएमा** | ०.० |
| **५.अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ०.० | **अनुदानफिर्ता** | ०.० |
| **६.ऋण/ वित्तीय व्यवस्था** | ०.० | १. संघतर्फ | ०.० |
| **७.धरौटी आय** | १२२३९४८४.० | क) सशर्तअनुदान | १८७५७९९३.० |
| **८.कार्यसञ्चालन कोष आय** | ०.० | ख) विशेषअनुदान | २९२१२.० |
| | | | |

| | | | |
|---|---|---|---|
| **९.अन्य कोषको आय** | ०.० | ग) समपुरकअनुदान | ०.० |
| **१०.गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ०.० | **२. प्रदेशतर्फ** | ०.० |
| **११.अन्य सहयोगमा प्रास सञ्चालित योजना** | ०.० | क) सशर्तअनुदान | ०.० |
| **१२.अन्य आय भएमा** | ०.० | ख) विशेषअनुदान | ०.० |
| | ०.० | ग) समपुरकअनुदान | ०.० |
| | ०.० | **अन्तिममौज्दात** | ०.० |
| | ०.० | १. संचितकोषको मौज्दात | ३६६३४८३.९ |
| | ०.० | २.धरौटी | ७४६६१३९.० |
| | ०.० | ३.कार्यसञ्चालनकोष विविध | १२८९३४८.० |
| | ०.० | ४. अन्यकोष | १२६९३२९.० |
| **जम्मा** | **७४०११९७५६.७** | | **७४०११९७५६.७** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चीत कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले ज्येष्ठ नागरिक सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको रु.१५२०७६६००.० विनियोजन गरेकोमा रु.१५१३४५५५८.० तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३०३५०००.०, चालु रु.१९६२५९२.० र पूँजीगत रु.६८९१५८९.० सहित जम्मा रु.१६०१९९७३९.० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।

२.३ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३५५३९.०, यस वर्षको प्राप्ति रु.१६५५७१०४१.०, यस वर्षको भुक्तानी रु.१७२९५३९८६.० र बैङ्क मौज्दात रु.१९१९५८.० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २९०९९४५२.५४ | ५२७८४९१३१.० | ५३५९१२८७५.३० | १३४९६३४२.० |
| एकीकृत आर्थिक विवरणअनुसार | २९१३४९९०.० | ६९३४२०१७२.० | ७०८८६६८६१.० | १३६८८३००.० |
| फरक | ३५५३९.० | १६५५७१०४१.० | १७२९५३९८६.० | १९१९५८.० |

२.४

**बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | ३६२७९४४.८९ | ३६६३४८३.८९ | ३५५३९.० |
| विविधखर्च खाता | १२८९३४८.७५ | १२८९३४८.७५ | ० |
| विपद व्यवस्थापन खाता | १२६९३२९.० | १२६९३२९.० | ० |
| धरौटी | ७४६६१३९.० | ७४६६१३९.० | ० |
| **जम्मा** | | | **३५५३९** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक देखिएकाले समयमा नै हिसाब मिलान गर्नुपर्दछ।

२.५ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको प्रतिवेदन अनुसार रु.२९१३४९९०.० मौज्दात रहेकोमा यो वर्ष रु.२९१३४९९०.० जिम्मेवारी सारेको छ। सुत्र अनुसार रु.३५५३९.० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ। रु.१५६४२०.० सशर्त अनुदानको रकम संघीय सरकारलाई बढि फिर्ता भएको छ। पालिकाले यो वर्ष हिसाब मिलान गर्दा गो.भौ.नं. १८९ बाट समायोजन गरेको पाइन्छ।

२.६ **सञ्चित कोषमा स्थानान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको स्थानीय तह सञ्चित कोष खाताहरुबाट रु.३५५३९.० मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।

३ **बजेट तथा कार्यक्रम तर्फः**

३.१ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

३.२ **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

३.३ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा उपाध्यक्ष श्री तेज बहादुर थापाले मिति २०८१।०३।१० गते ५८ करोड ७७ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा ५८ करोड ७७ लाख २३ हजारको बजेट मिति २०८१।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनुपर्दछ।

३.४ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार भएको छ। आवधिक योजना अनुसार पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार नगरी आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

३.५ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा बजेट नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले विगत २ वर्ष देखि अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम तथा निर्देशिका बनाई रु.१०,००,०००.० अबण्डा बजेट व्यवस्था गरी विद्यालयको भैपरी आउने खर्च, प्राविधिक शिक्षा पढ्नेलाई छात्रवृत्ति लगायतका विभिन्न क्रियाकलापमा रु. १०,००,०००.० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

३.६ **रकमान्तरः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १०% सम्म रकमान्तर गर्न सक्ने तर पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न ५१ शीर्षकबाट १ करोड ९६ लाख ५३ हजार घटाएको तथा ३३ शीर्षकबाट १ करोड ९६ लाख ५३ हजार बजेट थप गरिएको देखिन्छ। यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा ७ प्रतिशत हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ। वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुँदा बजेट बनाउँदा नै कार्यन्वयनयोग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्दछ।

३.७ **योजनाको प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो वातावरण संरक्षण एवम् भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ८ वडाको लागि २३४ वडागत र ६ पालिका स्तरका कुल २४० योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६ | ० | १ | ५ |
| २. | वडास्तरीय | २३४ | ३ | ३४ | १९७ |
| | **जम्मा** | **२४०** | **३** | **३५** | **२०२** |

उपर्युक्त विवरण अनुसार पालिकाले २४० साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेको २४० उल्लिखित योजना मध्ये २१८ योजनामात्र कार्यान्वियन भई २२ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

## ४ अनुदान प्राप्ति, उपयोग र फिर्ताः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ। संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रकम रु.१८७८७२०५.० फिर्ता गरेको छ। खर्च हुन नसकेका अनुदान रकमहरु समयमा नै फिर्ता कार्यलाई निरन्तरता दिनु पर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३०१८२०००.० | २८३०६२००६.० | १८७५७९९३.० | समय मै फिर्ता गरेको देखिन्छ। |
| | विषेश | २००००००0.० | १९९७०७८८.० | २९२१२.० | |
| | समपुरक | १००००००0.० | १००००००.० | - | |
| | जम्मा | ६०१८२०००.० | ३०४०३२७९४.० | १८७८७२०५.० | |
| **प्रदेश सरकार** | | | | | |
| | विषेश | ४०००००.० | ३७१७००००.० | २८३०००.० | समय मै फिर्ता गरेको देखिन्छ। |
| | समपुरक | ६००००००.० | ५११६०००.० | ८८४०००.० | |
| | जम्मा | ६४०००००.० | ४२२८६०००.० | ११६७०००.० | |
| | **कुल जम्मा** | **६६५८२०००.०** | **३४६३१८७९४.०** | **१९९५४२०५.०** | |

यस्तै गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष प्रदेश सरकारबाट प्राप्त रकम रु.११६७०००.० पूर्ण रुपमा समय मै फिर्ता गरेको देखिन्छ।

## ५ आन्तरिक लेखापरीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानिय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकामा आन्तरिक लेखापरिक्षक र शाखाको व्यवस्था गरेको पाईयो। आन्तरिक लेखापरीक्षकले त्रैमासीक प्रतिवेदन दिनु पर्नेमा सो गरेको पाईएन। वार्षिक लेखापरीक्षण प्रतिवेदनमा बेरुजु वर्गिकरण अनुसार परीक्षण गरी प्रमुख प्रशासकिय अधिकृतलाई बुझएको पाईयो। सिमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सवै कारोवारको परीक्षण गर्न

सम्भव हुने स्थिती छैन। कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ। यस्तो अवस्थामा फेदीखोला गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराउने कार्य उपयुक्त रहेको छ।अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पनि आधार लिएको छ। आन्तरिक लेखापरीक्षणलाई अझ कार्यदक्षता र व्यवस्थित गर्नुपर्दछ।

६ **लक्ष्य तथा प्रगतिः**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। कुल कार्यक्रममध्ये शुन्य प्रगति २२ वटा रहेका छन्। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ३०३ | २२ | ७ | २३ | २५१ |

७ **पालिकाको खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरिक आयबाट रु.७३०६९८३.०, अ.ल्या. रु.११५३५२६९.० राजस्व बाँडफाँट रु. ८७०८०२८३.०, संघीय रु.४०४७०१०३५.० र प्रदेश अनुदानबाट रु.२१८०२०००.० समेत रु. ५३२४२५५६९.० आम्दानी भएकोमा चालु तर्फ रु.३७१५८८१९८.० र पूँजीगत तर्फ रु.१६४३२४६७७ समेत रु. ५३५९१२८७५.० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु. ९४६००००ॐ खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा १.३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान रु.४२६५०३०३४.० र राजस्व बाँडफाँटको रु.८७०८०२८३.० रकमबाट ७२ प्रतिशत चालु र २८ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

८ **खरिद गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६४३२४६७७.० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम खरिद गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

९ **फोहोरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। जिल्ला सदरमुकाम देखि नजिकको पालिका भएको हुँदा मानवीय घनत्व पनि बढी नै हुन्छ। यस कार्यलाई अघि बढाउन पालिकामा दोविल्ला, अक्षेते, विउ पोखरा, रिमाल चोक, भ्यूटावर जस्ता नयाँ बजार विस्तार भइरहेको छ। फोहोरमैलाको उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी पर्याप्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

१० **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

● स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

● कार्यालयले देखाएको श्रेष्ता र बैंकले देखाएको रकमको विचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा वैक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन।

● पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान जिन्सी खातामा चढाएको देखिएन।

● वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

● पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेर जिन्सी सामानको अद्याबधिक विवरण राख्नुपर्नेमा सो गरेको छैन।

● कार्यालयले कतिपय खरिदमा खरिद समिति निर्णय, मुल्याङकन समितिको निर्णय बिनानै खरिद गरेको छ साथै लागत अनुमान, जिन्सि दाखिला, खरिद आदेश, योजनाहरुको नापि किताब, लागत अनुमान लगायतका कागजात प्रमाणित गर्नुपर्ने एवं कतिपय भौचर तथा कागजात, टिप्पणी आदेश लगायतका कागजातहरुमा सम्बन्धित कर्मचारीको नामथर, पद, कार्यालयको छाप स्पष्ट बुझिने र चिनिने गरि उल्लेख गरिएको छैन।

● मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इटीडिएस पनि पुरा नगरेको देखियो।

● कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको छैन।

● ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

● स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्बीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।

● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कायक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

● संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेको उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

● सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्र राखेको छैन साथै उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन।

● यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शीर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।

● आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैक् दाखिला

गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछिमात्र दाखिला गर्ने गरेको पाइयो।

● बातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसुची बमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिचाई, सडक स्तरोनती लगायतका कार्यमा बातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको देखियो।

● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको, पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा नदिएको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन।

● बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको बजेट, सशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन।

● विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर बैठक भत्ता भुक्तानी गरेको पाइयो।

● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्पदेखि भएको कार्यको लागत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखियो।

● सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यवस्थापन गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।

• वडा कार्यालयतथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

• सोझै खरिद भएको कार्यमा लागत अनुमान तयार नगरी खरिद गरेको पाइयो।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार गत विगतमा बेरुजु औल्याइएका विषयका समधान र वेरुजु फस्यौटको लागि पहल गरेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी र विश्वसनीय बनाई वित्तीय प्रतिवेदनको शुद्धता कायम गर्दै विषयगत कार्यसम्पादन क्षमताका साथै संस्थागत सुधारका पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

## ११ बेरुजुको लगतः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ। पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। पालिकाको बेरुजु गत विगतको प्रतिवेदनमा रु. १२ करोड रहेको छ। पालिकाको बेरुजु फछर्यौट र बेरुजु सम्परीक्षणमा सकृयता देखिदैन। बेरुजु र बेरुजु फछर्यौटको लगत अद्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षको प्रतिवेदनमा औल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ।

## १२ प्रशासनिक व्यवस्थापनः

१२.१

**प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा पालिका स्वास्थ्य वडा कृषि पशु सहित ९१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ८५ जना स्थायी पदपूर्ति भएको देखिन्छ।

| क्र.सं. | विवरण | दरवन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | पालिका | २९ | २८ | १ | खा.पा.स.टे. फाजिल |
| २ | स्वास्थ्य | ४४ | ४४ | ० | |
| ३ | वडा | ८ | ७ | १ | |
| ४ | कृषि/ पशु | ५ | ४ | १ | |
| ५ | कृषि | ५ | २ | ३ | अधिकृत सातौ-१<br>पाचौ-१<br>चौथो-१ |
| | **जम्मा** | **९१** | **८५** | **६** | |

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका वडा कार्यालय, पशु तथा कृषि शाखा सहितमा ६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१२.२ **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.११८०४४१९.० भुक्तानी गरेको पाइयो। ऐनमा व्यवस्था नगरी कर्मचारी नियुक्त गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. | तलब स्रोत |
|---|---|---|---|
| अधिकृत | ३ | ११८०४४१९.० | सशर्त र पालिकाको आन्तरिक स्रोत |
| सहायक | ३ | | |
| श्रेणीविहिन | १२ | | |
| जम्मा | १८ | | |

१२.३ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४६ स्वास्थ्यकर्मी तथा कर्मचारीको रु.३०६०९९३०.० र पालिकाका ४७ कर्मचारीको रु.२०००६०४९.० समेत रु.५०६१५९७९.० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१३ **अवकास कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष राजश्व बाँडफाँटबाट कर्मचारी अवकास कोषमा रु.११३२९२८.० ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम परिचालन सम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्नुपर्दछ।

१४ **योजना तथा बजेट कार्यान्वयनः**

यसवर्ष पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको छैन।

• पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• पालिकाले यस वर्ष धेरैजसो योजनाहरुको अनुगमन प्रतिवेदन नराखी भुक्तानी गरेको छ।

• पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभानन्वित हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन।

• पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ।

• पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास गरेको देखिएन।

१५ **क्षेत्रगत कार्यक्रम तथा खर्च विश्लेषणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार अनुगमन गर्नुपर्दछ।

| मुख्यक्षेत्र | वार्षिकबजेट | खर्चरकम | खर्चप्रतिशत | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|---|
| आर्थिकविकास | २१८९००००.० | १९७१२२८८.० | ९०.०५ | ४ |
| सामाजिकक्षेत्र | ३३७२८७०००.० | ३११५३५११८.० | ९२.३६ | ६० |
| पूर्वाधारविकासक्षेत्र | १२३५१६०००.० | ११४४७६९६४.० | ९२.६८ | २२ |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ८१३१८०००.० | ७१३२२१०७.८० | ८७.७० | १४ |
| **जम्मा** | **५८७७२३०००.०** | **५२५९१२८७५.०** | **९१.०३** | **१००** |

माथि उल्लिखित तालिका अनुसार सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ६० प्रतिशत र आर्थिक विकासमा सबैभन्दा न्यून ४ प्रतिशत खर्च भएको देखिन्छ। पुर्वाधार विकास क्षेत्रमा २२ प्रतिशत, कार्य सञ्चालन तथा प्रशासनिक खर्च १४ प्रतिशत खर्च भएको देखिन्छ। समग्र बजेटमा ९१ प्रतिशत मात्र खर्च भएको पाईन्छ। पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ। पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन। पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ।

१६ **त्रैमासिक पूँजीगत खर्चको अवस्थाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| १ | पुजीगत | १६४३२४६७७ | २१८१८९३१ | १५१०४७८३ | ४९९९५६०९ | ७७४०५३७४ | ३८८४७६८९ |
| **खर्च प्रतिशत** | | | **१३.२७** | **९.१९** | **३०.४३** | **४७.१०** | **२३.६४** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक खर्च भएको कुल रकममध्ये प्रथम त्रैमासिकमा १३.२७ प्रतिशत, दोश्रो त्रैमासिकमा ९.१९ प्रतिशत, तेश्रो त्रैमासिकमा ३०.४३ प्रतिशत र चौथो त्रैमासिकमा ४७.१० प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र २३.६४ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा १३.२७ प्रतिशत खर्च भएको देखियो। यो रकममा गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि दिएको देखिन्छ। असार महिनामा मात्र २३.६४ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन। खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुँदा समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ।

१७ **पेश्की व्यवस्थापनः**

१७.१ **म्याद ननाघेको पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न कार्यक्रममा निकाय व्यक्ति तथा संस्थालाई रु.४८७५००.० थप पेश्की दिएको छ। म्याद नाघेको तथा ननाघेको पेश्कीको हिसाब आर्थिक वर्षको अन्तसम्म अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ।

| विवरण | गत वर्षको पेश्की बाँकी | यस वर्ष फछ्यौंट | गत वर्षको बाँकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|---|---|
| मोविलाइजेशन | ४२२१६३८.० | ३०३६६३८.० | ११८५०००.० | ४८७५००.० | १६७२५००.० |
| **जम्माः** | **४२२१६३८.०** | **३०३६६३८.०** | **११८५०००.०** | **४८७५००.०** | **१६७२५००.०** |

१७.२ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ। पालिकाले उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई रु.१६७२५००.० बाँकी रहेको देखिन्छ। सो म्याद नाघेको पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्दछ।

१७.३ **गत विगत आ.व को पेश्की फर्छ्यौट नगरेकोः** यस पालिका, कार्यपालिकाको कार्यालयमा गत विगत आ.व मा विभिन्न फर्म तथा कर्मचारीहरुलाई पेश्की दिईएकोमा हालसम्म पनि पेश्की फर्छ्यौट नभएको देखिन्छ। आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ को नियम ४७ को उपनियम ४ र ५ मा पेश्की फर्छ्यौट सम्बन्धि व्यवस्थामा १५ भित्र पेश्की फर्छ्यौट गर्नुपर्ने र सोको जानकारी पेश्की लिनेलाई ७ दिनभित्र दिनुपर्ने व्यवस्था छ तर यसरी गत विगत आ.व. को पेश्की हालसम्म पनि फर्छ्यौट नगरेको निम्नानुसारको पेश्की रकम नियमानुसार फर्छ्यौट गर्नुपर्ने। पेश्की लिने र दिने दुबैलाई जिम्मेवार बनाउनुपर्दछ।

१८ **सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल सरकार र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था घर जग्गा क्षेत्रफल र संख्याको वडा नं १ देखी वडा नं. ८ सम्मको वडा कार्यालयको भवन आफ्नो रहेको मात्र विवरण प्राप्त भयो। पालिकाले प्राप्ति मिति, मुल्य र संख्याको विवरण पेश नभएकोले अतिक्रमणमा परेको जग्गा यकिन नभएको, अतिक्रमण हटाउन गरेको प्रयास, भोग चलनमा ल्याएको विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन। ऐन नियम कार्यविधिको व्यवस्था अनुसार सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण गर्नुपर्दछ।

१९ **कानून निर्माण तथा न्यायिक समितिको कार्यसम्पादनः**

१९.१ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | २० |
| २ | नियमावली | ३ |
| ३ | कार्यविधि तथा निर्देशिका | ३६ |
| **जम्मा** | | **५९** |

पालिकाले आर्थिक वर्ष २०८१।८२ सम्म २० ऐन, ३ नियमावली, ३६ कार्यविधि तथा निर्देशिका मापदण्ड गरी जम्मा ५९ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। केही डिजिटल राजपत्रमा प्रकाशन गरेको पाईयो। केही कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकूल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानुनसँग अनुकूल गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ।

१९.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।

| निर्णयकर्ता | गत वर्षसम्मका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | यसवर्ष फछ्यौंट भएका विवाद | यसवर्षको फछ्यौंट हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिक समिति | १७ | २२ | ३९ | - | ३ |

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार मुद्दा दर्ता र फछ्यौंट कारबाही भएको देखियो। त्यसैले न्यायसम्पादन प्रक्रियालाई अभिलेख व्यवस्थित गरी छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ।

२० **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा माग भएपनि पेश भएन। आंशिकरुपमा प्राप्त विवरण तलको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवा प्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

| १ | पञ्जिकरणतर्फ | जम्मा | २ | पूर्वाधार विकास सडक निर्माण | जम्मा |
|---|---|---|---|---|---|
| क | जन्मदर्ता | ६२३ | क | ढलान सडक निर्माण | ८.१८ कि.मि. |
| ख | मृत्युदर्ता | २३५ | ख | शौचालय निर्माण | ७ वटा |
| ग | बसाईसराई दर्ता | १११ | ग | खानेपानी पाइप निर्माण | ३९९१ मि. |
| घ | विवाह दर्ता | २८४ | घ | भवन मर्मत/निर्माण | ७ वटा |
| ङ | सम्बन्धविच्छेद दर्ता | ३५ | ३ | स्वीकृत घरनक्सा दर्ता पास | ३ वटा |

२१ **पुरातात्विक महत्वका मन्दिर निर्माणः**

प्राचिन स्मारक र पुरातत्व सम्वन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचिन स्मारक संरक्षण ऐन २०१३ र नियमावली २०४६ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, ढुङ्गेधारा, इनार आदिकको पुनर्निर्माण, जीर्णोद्धार, स्तरोन्नती मर्मत गर्दा पुरातत्व विभागको स्वीकृत लिनुपर्ने तथा यस्तो मर्मत, जिर्णोद्धार गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष का मन्दिरको पुनर्निर्माण गर्न रु.३०००००.० विनियोजन गरी रु.२९१०००.० खर्च गरेको छ। यस्ता पौरणिक महत्वका मन्दिर स्तरोन्नती, छट घाट ढलान, मन्दिर कोठा निर्माण, मन्दिर जिर्णोद्धार कार्यको लागि परीक्षण गरेका भौचरमा संलग्न लागत अनुमान, प्राविधिक नापी तथा उपभोक्ता समितिले पेश गरेका बिल विजकहरुमा सिमेन्ट प्रयोग हुने आरसिसि, पिसिसि, प्लाष्टर लगायतका कंक्रिटजन्य संरचना निर्माणको लागि भुक्तानी गरेको देखियो। कानूनमा व्यवस्था भए बमोजिम धार्मीक तथा पौराणिक महत्वका सम्पदाहरुको संरक्षण तथा मर्मत गर्दा पौराणिक महत्व झल्कने तथा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्री प्रयोग भएको छ भन्ने प्रमाण श्रेस्तासँग संलग्न राखेको छैन। यसबाट धार्मीक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको मौलिकता संरक्षीत हुन नसिकी मौलिकता परिवर्तन हुने देखिन्छ। यस कार्यमा सुधार गरी कानूनमा भएको व्यवस्था बमोजिम कार्य गराउन पालिकाले ध्यान दिनुपर्दछ।

२२ **सामुदायिक वनको आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्रि वापतको प्राप्त हुने रकमको १० प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोक्षमा जम्मा गर्नुपर्ने व्यवस्था भएअनसार पालिकामा रहेको ५० वटा सामुदायिक वन उपभोक्ता समितिबाट पटक पटक प्रयास गर्दा ८ वटा सामुदायिक वनले आय व्यय पेश गरेको, आम्दानी नभएको जनाएको त्यसैले पैदावारको प्राप्त हुने रकमको दश प्रतिशत रकम वन कार्यालयसँग समन्वय गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२३ **सहकारी क्षेत्र व्यवस्थापनः**

२३.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ र गाउँपालिका सहकारी ऐन, २०७४ को दफा ५२ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुँदा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ३१ वटाले विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा ३१ वटा मात्र पेश भएको थियो। सोको विवरण देहाय अनुसार रहेको छ।

| क्र.स. | सहकारी | दर्ता भएका | कोपोमिसमा आबद्ध | बा.ले.प.पेश |
|---|---|---|---|---|
| १ | बचत तथा ऋण सहकारी | ८ | ७ | ७ |
| २ | कृषि सहकारी | १० | १० | १० |
| ३ | उपभोक्ता सहकारी | १ | १ | १ |
| ४ | दुग्ध सहकारी | ७ | ७ | ७ |
| ५ | बहुउदेश्यीय | २ | २ | २ |
| ६ | अन्य | ४ | ४ | ४ |
| | **जम्मा** | **३२** | **३१** | **३१** |

सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरुले कोपोमिसमा विवरण अद्यावधिक नगरेको कारण सहकारीको सञ्चालन अवस्था बारे पूर्ण रुपमा अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२३.२ **सहकारी संस्थाको अनुगमनः** पालिका सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा ७१ अनुसार पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ। पालिकामा ३२ सहकारी संचालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन। त्यसैले सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको वचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

२३.३ **सहकारी बचत तथा कर्जा सुरक्षण कोषः** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्था हरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ। पालिकाभित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरी नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ।

२३.४ **वार्षिक प्रतिवेदन:** पालिकाले सहकारी ऐनको दफा ५२ मा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण गरि वार्षिक प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस पालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाको शेयर पुँजी, बचत, ऋण लगानी, कुल सम्पत्तीको विवरण देहाय बमोजिम रहेको छ।

| क्र सं. | सहकारी संस्थाकोकिसिम | सहकारी संस्थाको संख्या | शेयर सदस्य संख्या | कुल शेयर पुँजीरु. | कुल बचत रकम रु. | जम्मा ऋण लगानी |
|---|---|---|---|---|---|---|
| १ | वचत तथा ऋण सहकारीसंस्था | ८ | ४७२८.० | २९३५७१००.० | ४३२२११०४.० | ५५५०७२२०.० |
| २ | बहुउद्देश्यीय सहकारीसंस्था | २ | ६८७.० | ५९०२४९००.० | ५४४३३५९२.० | ६८७५७०९४.० |
| ३ | कृषि सहकारीसंस्था | १० | १०७२.० | ३२३३८६८०.० | ७७९८३२०.० | ८९१३५६४.० |
| ४ | साना किसान सहकारीसंस्था | ३ | २५६५.० | १८४५६८५०.० | ५९०५६७४२.० | ८७५६६९४१.० |
| ५ | दुग्ध सहजकारीसंस्था | ७ | ७९८.० | ८६०७००.० | ८६८३५२०.० | १२४८२३२२.० |
| ६ | उपभोक्ता सहकारीसंस्था | १ | ५४.० | १९४७००.० | ४३५४३१.० | ८९९२३५.० |
| जम्मा | | ३१ | ९९०४.० | १११११३८४३०.० | १८४६३५७०९.० | २३४१२६३७६.० |

आर्थिक वर्ष २०८१।८२ सम्म जम्मा ३२ वटा सहकारी संस्था मध्ये ३० सहकारी संस्थाको विवरण प्राप्त भएको छ। ३२ वटा सहकारी संस्थामा ९९०४ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु.१११११३८४२०.० रहेको छ भने कुल बचत रु.१८४६३५७०९.० र ऋण लगानी रु.२३४१२६३७६.० रहेको छ। विवरण सम्पुर्ण निकायको प्राप्त नहुदाँ पुर्ण रुपमा विश्लेषण गर्न सकिएन। पालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका सबै सहकारीबाट नियमित रुपमा वित्तीय विवरण माग गर्ने अनुगमन गर्ने कार्य गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले पालिकाको सहकारी ऐन बमोजिम वित्तीय प्रतिवेदन माग गर्ने, अनुगमन गर्ने लगायत तोकिएका कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ। तसर्थ कानुनी व्यवस्था पुर्ण पालना गर्नु पर्दछ।

## २४ अनुदानको अनुगमनः

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार उत्पादनमा आधारित अनुदान (दुध र मासु) मा ४ वटा समुहलाई रु.२९७०३१.० स्थानीय गोरू संरक्षणमा १८१ जनालाई रु.६,७२,५००.० र पशुपालनमा बाख्रा पकेट कार्यक्रम रु. १३४९३०३.० तथा फलफुल बगैचा, मसलावाली सुधार तथा व्यवस्थापान अनुदानमा रु.१९९५००.० गरी रु.४०१०३३४.० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका समेत छैन।

| क्र.म. | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | उत्पादनमा आधारित अनुदान (दुध र मासु) | ३ सहकारी, १ समुह | २९७०३१.० |
| २ | स्थानीय गोरू संरक्षण | १८१ जना | ६७२५००.० |
| ३ | बाखा पकेट कार्यक्रम | १ सहकारीको (प्रत्यक्ष लाभान्वीत ३२ जना) र अप्रत्यक्ष लाभान्वीत (घाँसको विऊ र शिविर गरी ८०० घरधुरी लाभान्वीत भएको) | १३४९३०३.० |
| ४ | मौरी पकेट विकास कार्यक्रम | ९५ जना | ९७००००.० |
| ५ | तरकारी मिनिकिट | ४००० घरधुरी संख्या लाभान्वित | ३९७०००.० |
| ६ | फलफुल बगैचा, मसलावाली सुधार तथा व्यवस्थापान | १५० जना कृषक लाभान्वित (२४३ के.जी निलो तुथो, ४६० के.जी. चुना) | १९९५००.० |
| ७ | नयाँ पकेट स्थापना कार्यक्रम | २६ जना कृषक ( १६९० के.जी अदुवा वितरण) | १२५०००.० |
| | **जम्मा** | | ४०१०३३४.० |

तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

## २५ विज्ञापन प्रकाशन तथा प्रशारण खर्चः

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। गोरखापत्र संस्थानले सरकारी विज्ञापन गर्दा २५ प्रतिशत छुट दिन मिल्ने नीतिगत व्यवस्था गरेको कार्यालयलको मिति २०७०।४।२३ को पत्रमा उल्लेख रहेको छ। गोरखापत्र बाहेक अन्य प्रकाशन संस्थाले समेत सरकारी सूचना विज्ञापनमा २५ देखि ३५ प्रतिशतसम्म छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ। पालिकाले यस वर्ष पालिका चालूतर्फ रु.९०००००.० बजेट व्यवस्थापन गरी रु.९०००००.० खर्च गरेको देखियो। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. २७००० बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

## २६ आर्थिक सहायताः

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ९ संघसंस्था र ७० व्यक्तिहरुलाई रु.५६१९९३.० आर्थिक सहायता वितरण गरेको छ। औषधि उपचार, घर गोठ जलेको, मृत्यु भएको वेवारिसे लास सदगदको लागि आर्थिक सहायता वितरण गरेको देखिन्छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ७३०६९८३.० को ८ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्डको पालना गरी आर्थिक सहायता वितरण गरेको देखिन्छ।

## २७ आन्तरिक आयतर्फः

२७.१

**केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | केन्द्रीय खर्चको तुलनामा आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५३१२३८५६१.० | ७३८३७०८.० | १.३९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनु पर्दछ।

२७.२ **राजश्व लक्ष्य र असुलीः** पालिकाको आर्थिक वर्ष ०८१।८२ को वार्षिक विकास योजना अनुसार आन्तरिक आयलाई वृद्धि गर्न कर तथा सेवा शुल्कको थप दायराहरु विस्तार गर्दै लगिने, नागरिकहरुमा कर तिर्ने संस्कार निर्माणको लागि कर प्रतिको सचेतना र संवेदनशीलता अभिवृद्धि गरिने उल्लेख गरिएको छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको विगत ३ वर्षको राजश्व लक्ष्य र असुलीको अवस्था देहाय अनुसारको रहेको छ।

रकम रु. हजारमा

| आर्थिक वर्ष ०७९।८० | | | आर्थिक वर्ष ०८०।८१ | | | आर्थिक वर्ष ०८१।८२ | | |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % |
| 4000 | 5653.७ | १४१.३४ | 7000 | 6830.८ | ९७.५८ | 7700 | 7383.७ | ९५.८९ |

विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्थालाई हेर्दा आर्थिक वर्ष ०७९।८० मा लक्ष्यभन्दा निकै धेरै १४१.३४ प्रतिशत सङ्कलन गरेको देखिन्छ भने पछिल्लो २ वर्षमा राजश्व सङ्कलन लक्ष्य नजिक नजिक रहेको देखियो। वर्षेनी राजश्व सङ्कलनको अवस्था वृद्धि हुँदै गएको समेत देखिन्छ। पालिकाले आफ्नो क्षेत्रभित्रमा राजश्वका नँया नँया स्रोतहरुको पहिचान गरी अझ बढी राजश्व सङ्कलन गर्ने तर्फ आवश्यक ध्यान दिनुपर्दछ।

२७.३ **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। यसवर्ष राजश्व परामर्श समितिको ४ बैठक बसी नीतिगत छलफल गरेको देखियो। राजश्व परामर्श समितिबाट सम्भावित क्षेत्रहरुको पहिचान गर्दै पालिकाको आन्तरिक आम्दानी बढाउने तर्फ समितिको भूमिका अभिवृद्धि गर्नुपर्दछ।

२७.४ **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा अनुसार वित्तीय विवरण सम्बन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शीर्षक जनाई राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा मलेप फारम नं. १०७ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फारम नं १०८ को राजश्व अम्दानी बैक नगदी किताब तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अतः नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

२७.५ **निरीक्षण नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा

सो अनुसार गरेको पाईएन। कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानूनी प्रकृया पूरा गरी समयमै दाखिला भएको पहिचान गर्ने गरी प्रकृयामा सुधार गर्नुपर्दछ।

२७.६ **राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला गरेको पाइएन। पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ, अन्यथा दफा २८(२) मा व्यवस्था भए बमोजिमका कारबाही तर्फ ध्यान दिनुपर्दछ।

२७.७ **आन्तरिक आयको विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सम्पत्ति कर र भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, वहाल विटौरी लगायत शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा गत तीन वर्षको सङ्कलनको स्थिति निम्न छन्।

| क्र.स. | आम्दानी शीर्षक | आर्थिक वर्ष अनुसार सङ्कलन रु. | | |
|---|---|---|---|---|
| | | **०७९।८०** | **०८०।८१** | **०८१।८२** |
| १ | सम्पत्ति कर | ४३३३६५ | ४६४८५२ | ४९९५२४ |
| २ | भूमिकर/मालपोत | ४००२०६ | ८२२१९९ | ८२०३५७ |
| ३ | व्यवसाय कर | ४०७८९६ | ८६३५८८ | ६३५२५१ |
| ४ | घरजग्गा बहाल कर | ३४६७०२ | ४८०४०४ | ४९००८४ |
| ५ | अन्य आय | ४०६५५०९ | ४१९९७६६ | ४९३८४९२ |
| | **जम्मा** | **५६५३६७८** | **६८३०८०९** | **७३८३७०८** |

पालिकाबाट प्राप्त विवरण अनुसार विगत ३ वर्षमा सम्पत्ति कर र घरजग्गा बहाल कर सङ्कलनमा निरन्तर वृद्धि हुँदै आएको देखिन्छ। व्यवसाय कर सङ्कलनमा भने उतारचढाव देखिन्छ। व्यवसाय नवीकरण गर्ने कार्यलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ। कर सङ्कलन कार्यलाई निरन्तर अनुगमन तथा सुधार गर्दै पालिकाले आफ्नो कर सङ्कलनमा वृद्धि गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२७.८ **व्यावसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले व्यावसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा हालसम्म व्यावसाय दर्ता भएको करदाताहरु ५८६ रहेकोमा यसवर्ष ५० जनाले व्यावसाय बन्द गरेका देखियो। यसवर्ष १११ करदाताहरु व्यावसाय नवीकरण गर्न नआएको हुँदा नवीकरण बापत प्राप्त हुनुपर्ने राजश्व पालिकाले प्राप्त गर्न नसकेको देखिन्छ। पालिकाले आवश्यक अनुगमन साथै करदाता शिक्षा वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै व्यावसाय नवीकरण कार्यलाई प्रोत्साहित गर्नुपर्दछ।

२७.९ **घ वर्गको निर्माण व्यावसायी दर्ता र नवीकरणः** पालिकाको आर्थिक ऐन, २०८१ को दफा ३ मा व्यावसाय कर सम्बन्धी व्यवस्था रहेको छ भने अनुसूची २ मा निर्माण व्यावसाय दर्ता तथा नवीकरणको सम्बन्धमा विभिन्न शुल्कहरुको बारेमा व्यवस्था गरिएको छ। पालिकाको उपलब्ध गराएको तथ्याङ्क अनुसार पालिकामा यसवर्ष ३ वटा नँया दर्ता सहित २१ वटा घ वर्गको निर्माण व्यावसाय दर्ता भएकोमा १२ व्यावसायीहरुले तोकिएको समयमा नै नियमित नवीकरण गरिरहेको भएता पनि ६ व्यावसायीहरुले नवीकरण गर्न बाँकी रहेको देखिन्छ। तोकिएको समयमा नै नवीकरण बापत लाग्ने रकम दाखिला गर्न लगाई पालिकाको आन्तरिक आम्दानी वृद्धिमा ध्यान दिनुपर्दछ।

२८ **शिक्षा तर्फः**

काठेखोला गाउँपालिका, बागलुङले यसवर्षको लागि शिक्षातर्फ संघीय सशर्त तथा गाउँपालिका स्रोतबाट रु.२६ करोड ९५ लाख ९३ हजार विनियोजन गरी रु.२४ करोड ८० लाख २३ हजार खर्च गरेको छ। पालिकाले शिक्षातर्फ गरेको समग्र खर्च सम्बन्धमा देखिएको केही मुख्य व्यहोराहरु यसप्रकार रहेका छन्।

२८.१ **विद्यालयगत निकासा अभिलेखः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सूचक भिडान हुने गरी विद्यालयगत निकासा अभिलेख राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले आफ्नो क्षेत्रभित्रमा रहेको ४७ विद्यालयहरुको निकासा अभिलेख र प्रगति सूचक अद्यावधिक गरेर राखेको छैन। जसकारण विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ।

२८.२ **शिक्षकको अभिलेख व्यवस्थापनः** पालिकाले आफू अन्तर्गतका विद्यालयहरुमा नियुक्ति भएका, अवकास प्राप्त गरेका, सरुवा बढुवा भएका तथा राजिनामा दिएका स्थायी तथा करार सेवाका शिक्षकहरुको अभिलेख व्यवस्थित गरेको पाइएन। पालिकाले शिक्षकको अभिलेख व्यवस्थित चुस्त दुरुस्त राख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२८.३ **शिक्षक विद्यार्थी अनुपात:** शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्याथी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालिस र चालिस हुनुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाबाट उपलब्ध विवरण अनुसार ४७ विद्यालयहरु सञ्चालनमा रहेकोमा शिक्षक दरबन्दी, बाल विकास र शिक्षण सहयोग अनुदान समेत स्थायी, राहात र करार गरी जम्मा ३४२ जना कार्यरत रहेको देखियो भने कक्षा १ देखि कक्षा १२ कुल विद्यार्थी संख्या ४०९४ रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:११.९७ देखिन्छ। पालिकामा सबैभन्दा बढी ३६८ विद्यार्थी रहेको अमर मा.वि. मा शिक्षक विद्यार्थी अनुपात १:१७.५२ रहेको छ भने सबैभन्दा कम ६ विद्यार्थी रहेको बबिरा आ.वि. मा शिक्षक विद्यार्थी अनुपात १:७ रहेको छ। पालिकाले सत्यापन समेत नगरी विद्यार्थीको विवरण राखेकाले उपलब्ध विवरण सत्यपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले शिक्षा नियमावलीमा भएको उल्लेखित व्यवस्थासँग तादम्यता कायम हुने गरी आवश्यक कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। यससँग सम्बन्धित विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २८.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८.४ **प्रति विद्यार्थी लागत:** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| रु. हजारमा | | | |
|---|---|---|---|
| **बजेट रु** | **खर्च रु** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत रु** |
| २६९५९३ | २४८०२३ | ४०९४ | ६०.५९६ |

पालिकाको सामुदायिक विद्यालय तर्फको प्रति विद्यार्थी लागत रु.६०५९६.० रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्धी गरी लागत अनुसारको प्रतिफल प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२८.५ **विद्यार्थी संख्या सत्यापन नगरेकोः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ बमोजिम विद्यालयलाई प्रदान हुने विभिन्न अनुदान निकासा गर्नुपूर्व विद्यार्थी संख्या सत्यापन गरी यकिन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष विद्यार्थी संख्या सत्यापन गरी यकिन गरेको पाइएन। विद्यालयले EMIS प्रणालीमा अद्यावधिक गरेको तथ्याङ्क र विभिन्न अनुदानको लागि माग गरेको विवरणको आधारमा अनुदान निकासा गरेको पाइयो। विद्यार्थी संख्या सत्यापन नगरी अनुदान निकासा गरिएको हुँदा निकासा भएको अनुदान रकमको सही तथा यथार्थपरक उपयोग भएको सम्बन्धमा यकिन गर्न सकिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित विद्यार्थी संख्या सत्यापन गरी यकिन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२८.६ **दिवा खाजा:** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ अनुसार EMIS र सत्यापनमा भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५.० का दरले वर्षमा १८० दिन बराबरको रकम सम्बन्धित विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा कार्यक्रमको लागि यस वर्ष विभिन्न भौचरबाट ४७ विद्यालयका विद्यार्थीहरुका लागि रु.५२०३५६५.० निकासा गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले आवश्यक अनुगमन गरी वास्तविक विद्यार्थी संख्या यकिन गर्नुपर्नेमा नगरेकोले खर्च भएको रकम यथार्थपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले विद्यालयहरुलाई दिवा खाजा निकासा दिदा वास्तविक विद्यार्थी संख्या यकिन गरेर मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

२८.७ **शिक्षकको तलब भत्ता बढी निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१५३,७०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६६,३२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८.८ **सामाजिक तथा आर्थिक लेखापरीक्षण अनुदानः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण शीर्षकमा एकमुष्ट अनुदान निकासा दिने तथा विद्यालयले स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. २६६-२०८२।३।८ मा देहाय ९ विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण बापत रु.९००००.० निकासा गरी खर्च लेखेकोमा स्थानीय तहको अन्तिम लेखापरीक्षण गर्ने अवधिसम्म विद्यालयहरुले प्रतिवेदन पेश गरेको पाइएन। विद्यायलयहरुको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदनको प्रमाण पेश हुनु पर्दछ।

| क्र.स. | विद्यालयको नाम | अनुदानरकमरु |
|---|---|---|
| १ | श्रीमुक्तिनाथ आ. वि तंग्राम | १०००० |
| २ | श्रीचन्द्र प्रा. वि तंग्राम | १०००० |
| ३ | श्रीपशुपति प्रा. वि तंग्राम | १०००० |
| ४ | श्रीगणतन्त्र प्रा. वि तंग्राम | १०००० |
| ५ | श्रीखोलातिर आ.वि बिहुँ | १०००० |
| ६ | श्री अमरप्रा.वि बिहुँ | १०००० |
| ७ | श्रीप्रजातन्त्रोदय प्रा.वि बिहुँ | १०००० |
| ८ | श्रीधौलागिरि प्रा.वि रेश | १०००० |
| ९ | श्रीकाशिराम छन्त्याल प्रा.वि लेखानी | १०००० |
| | **जम्मा** | **९००००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

२८.९ **छात्रवृत्ति रकम:** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले भौचर नं. २६६-२०८२।३।८ बाट सत्यापन प्रमाणित नगरी विद्यालयको मागको आधारमा २१ विद्यालयका ५०१ जना विद्यार्थीलाई प्रति विद्यार्थी रु.४००.० का दरले रु.२००४००.० छात्रवृत्ति अनुदान निकासा गरेको देखिन्छ। कार्यविधिमा व्यवस्था भए बमोजिम छात्रवृत्ति पाउने विद्यार्थीको नामनामेसी सहितको विवरण, छात्रवृत्ति वितरणको भरपाई लगायतलाई कार्यक्रमको प्रगति सूचकको रुपमा निर्धारित गरिएको छ। पालिकाले उल्लिखित बमोजिमको विवरणहरु नराखेको हुँदा अनुदान रकम तोकिए बमोजिमको क्षेत्रमा खर्च भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले तोकिए बमोजिमको प्रगति सूचक अनुसार अनुदान रकम खर्च भए नभएको सम्बन्धमा थप यकिन गर्नुपर्दछ।

२८.१० **प्राविधिक धारका विद्यार्थीलाई दिइने अनुदानबाट खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **८१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८.११ **निशुल्क पाठ्यपुस्तक:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **९९,१३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८.१२ **स्यानिटरी प्याड:** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ को बुँदा नं. ४ मा स्थानीय तहले विद्यालयमा सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष भौचर नं. ३५२-२०८२।३।२५ मा जस्मिन हाइजिन प्रोडक्ट प्रा.लि. बाट १५५०० प्याकेट प्याड खरिद गरी रु.५८५३५१.० खर्च लेखेको पाइयो। PAMS प्रणाली मार्फत खरिद आदेश जारी भएको एवम् सामाग्री आपूर्ति पश्चात् PAMS प्रणालीमा दाखिला गरेको पाइएन साथै आपूर्ति भएको सामाग्रीको गुणस्तर परीक्षण भएको समेत पाइएन। सामाग्री खरिद तथा दाखिलालाई PAMS प्रणाली मार्फत अनिवार्य बनाउनु पर्दछ। गुणस्तर परीक्षण नगरी विद्यालयहरुमा वितरण भएको देखिएकोले आपूर्ति भएका सामग्रीहरु गुणस्तरीय भए नभएको यकिन गर्न सकिएन।

२८.१३ **ICT अनुदान:** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विद्यालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ। पालिकाले यसवर्ष भौचर नं. ११३-२०८२।११।९ बाट धारा मा.वि. लाई व्यवस्थापन बापत दिएको रु.५८२०००.० अनुदानबाट खरिद भएका सामाग्रीहरु विद्यालयमा जिन्सी दाखिला भएको प्रमाण पेश नभएको साथै खरिद भएका सामाग्रीहरु विद्यालयमा प्राप्त भए नभएको, गुणस्तरीय रहे नरहेको तथा प्रयोगमा आए नआएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार पारेको नपाइएको सो सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले आवश्यक अनुगमन गरी थप यकिन गर्नुपर्दछ।

२९ **स्वास्थ्य तर्फः**

कार्यक्रम कार्यान्वियन स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको शसर्तमा रु.४२५४९०००.० र पालिकाको रु.६७६८०००.० सहित रु.४९३६२०००.० बजेटमा रु.४७५८१९२०.० खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नलिखित रहेका छन।

२९.१ **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वियन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतवाट रु.१२५२७००.० (सर्जिकल सामाग्री खरिद) र संघीय सशर्त तर्फ रु.१७७९३००.०० समेत कुल रु.३०३२०००.० बजेट विनियोजन भएको छ।

| स्रोत | खरिद विधि | भौं नं मिति | आइटम संख्या | बजेट | खर्च | आपूर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सशर्त | EBID | १२३-२०८१। १०।२४ | ९४ | ११३२००० | ४५४०७१ | Chirag Pharmacy Pvt. Ltd | औषधि सामाग्री |
| सशर्त | कोटेशन प्रक्रिया | २२४-२०८२।२। ६ | ६२ | ५००००० | ४९३३७८ | Machhapuchhre Medicine Suppliers | औषधि सामाग्री |
| पालिका | कोटेशन प्रक्रिया | २९३-२०८२। ३।१२ | ४१ | ३५२७०० | ३५१७७६ | Jugnu Pharmaceuticals Pvt.Ltd_ | औषधि सामाग्री |
| सशर्त | कोटेशन प्रक्रिया | २८१-२०८२। ३।१२ | २१ | १४७३०० | १४७१६३ | Jugnu Pharmaceuticals Pvt.Ltd_ | औषधि सामाग्री |
| पालिका | कोटेशन प्रक्रिया | १६२-२०८१। १२।१५ | ११ | ५००००० | ४९९८१२ | Cherish Trade Concern Pvt. Ltd. | Surgical सामाग्रीहरु |
| पालिका | कोटेशन प्रक्रिया | ३६१-२०८२। ३।२३ | ४० | ४००००० | ३९७२९३ | Jaimini Multi Trade Concern Baglung | Lab सामाग्रीहरु |
| | | **जम्मा** | | **३०३२०००** | **२३४३४९३** | | |

पालिकाले औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ। पालिकाले बोलपत्र मार्फत ९४ आइटम रु.४५४०७१.० र अन्य ५ पटक कोटेशन प्रक्रियाबाट रु.१८८९४२२.० को गरी जम्मा रु.२३४३४९३.० को औषधि खरिद गरेको छ। खरिद ऐनको प्रावधान बमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ। पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन। आपुर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

२९.२ **पोषण कार्यक्रम:** स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक पूँजी वृद्धि नहुने, महत्वकांक्षी एंव वितरण मुखि योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमूलक योजना तथा कार्यक्रममा खर्च गर्नुपर्दछ। पालिकाले आन्तरिकश्रोत पर्याप्त भै गाउँसभाबाट पारित योजना कार्यक्रम छनौट गरेमा पनि नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वियन गर्नुपर्दछ। नेपाल सरकारलेस्वास्थ्य कार्यक्रम अन्तर्गत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा

पोषण भत्ता तथा न्यानो झोला समेत दिदै आएको छ। नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो हुने गरी पालिका क्षेत्र भित्र गर्भको अवधि ६ महिना पुगेका महिलाहरुलाई अण्डा, आयोनुन तथा क्यालसियम कार्यक्रम जनप्रतिनिधि निर्वाचित भएपछि शुरु गरेकोमा यस वर्ष पनि कार्यक्रम सञ्चालन छ। यसरी वितरण गर्दा प्रतिसुत्केरीलाई रु.२०००.० का दरले खर्च गरेको देखिन्छ। पालिकाका विभिन्न वडाका ४४ सुत्केरी महिलालाई पोषण खर्च, गर्भवती महिला सुत्केरी हुन स्वास्थ्य संस्था गए बापत पाउने यातायात खर्च रु.२०००.० दरमा झोला वितरण लगायतका कार्यका लागि रु.७९०.० खर्च गरी रु.५४९३.० दरले खर्च गरेको छ। पालिकाको आन्तरिक आय न्यून भै कार्यालय सञ्चालन, तलब भत्ता भुक्तानीको लागी राजश्व बाँडफाँड बापत संघ र प्रदेश सरकारबाट रकम व्यहोर्नुपरेको स्थिति छ।

| **स्रोत** | **कार्यक्रम** | **विवरण** | **खर्च रकम प्रतिमहिला** |
|---|---|---|---|
| पालिका कार्यक्रम | पोषण कार्यक्रम गर्भवती महिलाहरुलाइ अण्डा र नुन वितरण | प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गराउने गर्भवतीमहिलाले पाउने सुविधा अन्तर्गत अण्डा आयोनुन र क्याल्सियम वितरण (अण्डा ४क्यारेट, आयोनुन ४ पोका र क्याल्सियम २२५ ट्याब्लेट) | १९०३ |
| शशर्तकार्यक्रम | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम, गर्भवती उत्प्रेरणासेवा, रक्तसंचार, न्यानो झोला,सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुकोनिःशुल्क उपचार कार्यक्रम | गर्भवती महिला सुत्केरी भएपछि न्यानो झोला पाउने | ७९० |
| शशर्तकार्यक्रम | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम, गर्भवती उत्प्रेरणासेवा, रक्तसंचार, न्यानो झोला,सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुकोनिःशुल्क उपचार कार्यक्रम | गर्भवती महिला गर्भावस्थामा प्रोटोकल अनुसार ८ पटक गर्भजाँच गर्दापाउने प्रोत्साहन स्वरुप यातायात खर्च सुत्केरी हुन स्वास्थ्य संस्था गएवापत पाउने यातायात खर्च | ८०० |
| शशर्तकार्यक्रम | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम, गर्भवती उत्प्रेरणासेवा, रक्तसंचार, न्यानो झोला,सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुकोनिःशुल्क उपचार कार्यक्रम | गर्भवती महिला सुत्केरी हुन स्वास्थ्य संस्था गएवापत पाउने यातायातखर्च | २००० |
| | | जम्मा | ५४९३ |

यसरी आन्तरिक राजस्वलाई बढाउँदै यस्ता क्रियाकलापलाई अघि बढाउनु पर्दछ। साथै पालिकाले संघीय सरकारबाट समेत यातायात खर्च वितरण भई रहेको परिपेक्षमा वितरण गर्दा मितव्यायी तरिकाले खर्च गर्नुपर्ने देखिन्छ।

२९.३ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य शाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| **सि नं** | **औषिधको नाम** | **आ व २०८०/ ८१** | | | | **आ व २०८१/ ८२** | | | | **Expiry Date** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **अ ल्या** | **आम्दानी** | **खर्च** | **बाँकी** | **अ ल्या** | **आम्दानी** | **खर्च** | **बाँकी** | |
| १ | Azitrhomycin 500mg Tab | २६७४ | ३९०० | ६५७४ | ० | ० | ६३०० | ६३०० | ० | 28/02/2026 |
| २ | Cirpofloxacin 0.3% Eye/Ear Drop | ० | ७०० | १६० | ५४० | ५४० | ६२० | ११६० | ० | 31/12/2026 |
| ३ | Clove Oil | १७० | ७०० | ६२४ | २४६ | २४६ | ४२० | ५३० | १३६ | 30/06/2026 |
| ४ | Azitrhomycin 250mg Tab | १८४५ | ९०० | २७०५ | ४० | ४० | ११०० | ५७० | ५७० | 30/04/2026 |
| ५ | Hyoscine butylbromide 20 mg / ml Injection | ० | १०० | १०० | ० | ० | २०३ | २०० | ३ | 31/10/2026 |

Cap Amoxicillin 500 mg औषधि आर्थिक वर्ष २०८०।८१ मा ७२६०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८१।८२ मा ८६८०० क्यापसुल हस्तान्तरण भई केही बढि वितरण भएको छ। त्यस्तै Tab cetrizine 5 mg को समेत करिब सोही अनुपातमा वृद्वि भएको छ।Tab amlodipine 5 mg घटदो रुपमा वितरण भएको छ। विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीको प्रयोग पूर्ण रुपमा लागु नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपूर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ। पालिकाले अवस्था यकिन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ।

२९.४ **ब्याच नं, उत्पादन मिति, म्याद समाप्त मिति र निशुल्क वितरणको छाप बिना औषधी खरिदः** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागिरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। नमुना छनौटका आधारमा गरिएको परिक्षणमा कुनैपनि खरिदमा ब्याच नं, उत्पादन मिती र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, टुक्रा टुक्रा पारी खरिद गरिएको देखिन्छ। तोकिएको प्रकृया नपुर्याई टुक्रा टुक्रा पारेर ब्याच नं, उत्पादन मिति, अवधि उल्लेख नभएको, निशुल्क वितरण समेत नखुलाई दाखिला समेत गरि खरिद गरिएको औषधि खरिद नियमसम्मत मान्न नसकिएको र ३० लाख भन्दा बढी विनियोजन भएको औषधि पुर्ण रुपमा बोलपत्र मार्फत गर्नुपर्नेमा आंशिक मात्र बोलपत्र गरेकाले नियमसम्मत देखिएन। पालिकाले औषधि खरिद खुला बोलपत्र गर्ने व्यवस्था गर्नुपर्दछ।

२९.५ **स्थायीमा करार र ज्यालादारीः** पालिकाले स्थायी प्रकृतिको दरबन्दीमा ज्यालादारी कर्मचारी राखी काम कारबाही गर्न नपाउने व्यवस्था छ। तर पालिकाले यस वर्ष स्वास्थ्य तर्फको दरबन्दीमा ७ जना कार्यालय सहयोगी र ५ जना स्वास्थ्यकर्मी भर्ना गरी खर्च लेखेको छ। स्थायी दरबन्दी र प्रकृतिको काममा करार कर्मचारी भर्ना गरिएको देखिन्छ। पालिकाले स्थायी कर्मचारी पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| पद | स्वीकृत दरबन्दी संख्या | कार्यरत | | जम्मा | रिक्त |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | | |
| जनस्वास्थ्य अधिकृत | ० | ६ | ० | ६ | ० |
| हे.अ./ सि.अ.हे.ब. | ७ | ७ | ० | ७ | ० |
| स्टाफ नर्स | ० | ० | ० | ० | ० |
| अ.न.मी./ सि.अ.न.मी. | १४ | १४ | १ | १५ | ० |
| अ.हे.ब. | १४ | ९ | २ | ११ | ० |
| ल्या.अ./ ल्या.टे. | ० | ० | २ | २ | ० |
| का.स. | २ | २ | ७ | ९ | ० |

२९.६ **फिल्ड भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२२,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२२,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२९.७ **पालिकामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरुः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(१) मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्नु स्थानीय तहको काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेको छ। पालिकाले तयार पारेको तथ्याङ्क अनुसार यसवर्ष देखा परेका प्रमुख १० स्वास्थ्य सम्बन्धी समस्याहरु देहाय अनुसार रहेका छन्। पालिकाले औषधि तथा स्वास्थ्य उपकरणहरु खरिद गर्दा सोही समस्याहरुलाई समाधान गर्ने गरी प्राथमिकताको आधारमा खरिद गर्नुपर्दछ।

| S.N. | ICD Code | Name of Diseases | Identify | | Total |
|---|---|---|---|---|---|
| | | | Male | Female | |
| १ | DA42 | Gastritis | ४७२ | ८५० | १३२२ |
| २ | MB4D | Headache | ३१७ | ६६७ | ९८४ |
| ३ | ND56 | Cut Injuries | ५३१ | ३५६ | ८८७ |
| ४ | MD12 | Cough | ३७६ | ४७९ | ८५५ |
| ५ | MG26 | Fever | ४४७ | ३९८ | ८४५ |
| ६ | BA00 | Hypertension | २०५ | २७१ | ४७६ |
| ७ | EC90.0 | Itching | १२२ | २०८ | ३३० |
| ८ | ME84 | Backache | १३० | १८७ | ३१७ |
| ९ | FA2Z | Arthritis-Osteo Arthrosis | ९४ | १०९ | २०३ |
| १० | MD81 | Abdominal Pain | ५७ | १०६ | १६३ |

३० **Heifer Project Nepal मार्फत कार्यः**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्न कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशीलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका बीच रु.२४२८५७१४.० को लागत साझेदारीमा मिति २०८३।०२।०१ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८१।०८।१३ मा सम्झौता भएको पाइयो। सम्झौता अनुसार कुल लागत मध्ये पालिकाले ७० प्रतिशतले हुने रकम रु.१७००००००.० र बाँकी ३० प्रतिशतले हुने रकम रु.७२८५७१४.० हेफर प्रोजेक्ट नेपालले बेहोर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष हेफर प्रोजेक्ट नेपाललाई भौचर नं. २२४-२०८२।२।१८ र ३५७-२०८२।३।२३ बाट गरी जम्मा रु.६४७५५९२.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

३०.१ **नियमित कार्यको लागि साझेदार संस्थाः** पालिकाले सम्पादन गर्ने नियमित प्रकृतिका कार्यहरु जस्तैः बाख्रा वितरण, खोर सुधार, घाँसको बिउ वितरण तथा सचेतना सम्बन्धी तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरबन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्याउन एक पालिका एक प्राविधिकको छुट्टै व्यवस्था गरिएको पालिका र साझेदार संस्थाबाट एउटै क्षेत्रमा क्रियाकलाप सञ्चालन गरेको देखिन्छ।

३०.२ **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** पालिका र हेफर प्रोजेक्ट नेपाल बीच भएको सम्झौताको बुँदा नं. ९ अनुसार सञ्चालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०८० बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकाबाट स्थलगत अनुगमन सहित कमी कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार

भएको छैन। सम्झौतामा भएको व्यवस्था बमोजिम नियमित अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई समयानुकूल सुधार गर्दै यसको प्रभावकारिता अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३०.३ **परियोजनाको प्रगति प्रतिवेदनः** सम्झौताको बुँदा नं. ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसबाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर प्रोजेक्ट संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रमबाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन। उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ। यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकासको वास्तविक अवस्था यकिन गरेको छैन भने कार्यक्रम सञ्चालन पश्चात् कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन। वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वस्त हुन सकिएन।

३०.४ **साझेदारिता मार्फत सञ्चालन भएका कार्यक्रमहरुः** पालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी सम्झौता बमोजिम यसवर्ष पालिका तर्फको लागत रहने गरी बाख्रा वितरण, बाख्राको खोर निर्माण, गोठ सुधार, कृषि बीउ वितरण, कम्बाइण्ड मिल तथा मिनिटिलर वितरण, कृषि उपज सङ्कलन केन्द्र निर्माण लगायत ३६ क्रियाकलापमा रु. ६७०७३४३.० खर्च गरेको भएको विवरण प्रोजेक्टले पालिकामा पेश गरेको पाइयो। यस्ता कार्यहरु सञ्चालन गर्दा पालिकाबाट सञ्चालन गरिएको उस्तै प्रकृतिका कार्यक्रमहरुबाट लाभ प्राप्त गरेका लाभग्राहीहरु नदोहोरिने गरी सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३०.५ **बिल विजक जारी गर्नुपर्नेः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष हेफर प्रोजेक्ट नेपाललाई विभिन्न भौचरबाट रु.६४७५५९२.० भुक्तानी गरेको भएता पनि हेफर प्रोजेक्ट नेपालले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो। अत: कानून अनुसार बिल विजक जारी गर्नुपर्दछ।

३०.६ **सम्झौता भन्दा बढी साझेदारीः** पालिका र हेफर प्रोजेक्ट नेपाल बीच भएको सम्झौताको बुँदा नं. ७.१.१ मा पालिकाको लागत साझेदारी ७० प्रतिशत र प्रोजेक्टको साझेदारी ३० प्रतिशत रहने व्यवस्था रहेको छ। यसवर्ष रु.८८२०९१६.० खर्च गरेको विवरण प्रोजेक्टले पालिकामा पेश गरेको पाइयो। सम्झौतामा भएको व्यवस्था अनुसार पालिकाले प्रोजेक्टलाई ७० प्रतिशत साझेदारी बापत रु.६१७४६४१.० उपलब्ध गराउनु पर्नेमा रु.६४७५५९२.० उपलब्ध गराएको पाइयो। सम्झौतामा भएको व्यवस्था भन्दा बढी भुक्तानी भएको रु.३००९५१.० प्रोजेक्टसँग असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००,९५१ |

३१ **कृषि तथा पशु सेवा कार्यक्रम तर्फः**

काठेखोला गाँउपालिकाले यसवर्ष कृषि तथा पशुसेवा कार्यक्रम तर्फ रु.१ करोड ७० लाख ४० हजार विनियोजन गरेकोमा रु.१ करोड ५३ लाख ६३ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएको बेहोराहरु देहाय अनुसार रहेका छन्।

३१.१ **पकेट विकास कार्यक्रम:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को ४.१ मा साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले यसवर्ष बाख्रा र नयाँ मौरी पकेट विकास कार्यक्रमको लागि रु.२७०००००.० विनियोजन गरी रु.२४९९६४८.० खर्च गरेको छ। यस कार्यक्रमबाट १२६ कृषक परिवार

लाभान्वित भएका छन्। पालिकाले विगतका वर्षहरुमा विभिन्न कार्यक्रमहरु मार्फत लाभ प्राप्त गरेका लाभग्राहीहरुको अभिलेख नराखेको साथै लाभग्राही छनौट गर्दा स्पष्ट मापदण्डका आधारमा नगरेको कारण अधिल्ला आर्थिक वर्षहरुमा अनुदान पाएका लाभग्राही दोहोरिन गए नगएको यकिन गर्न सकिएन। पालिकाले लाभग्राही छनौट कार्ययोजना, लाभग्राही छनौटको आधार, गत वर्षहरुमा अनुदान पाउनेहरुको अभिलेख व्यवस्थित गर्नु पर्ने देखिन्छ। कार्यक्रम कार्यान्वयन म्यानुअल प्रभावकारी कार्यान्वयन गर्दै नयाँ गाई/भैंसी पकेट कार्यक्रम सफल बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

३१.२ **कार्यविधि भन्दा बढी अनुदान वितरणः** काठेखोला गाउँपालिकाको कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ५.१(क) मा दुग्ध उत्पादनमा प्रतिलिटर ५० पैसा अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले कार्यविधिमा व्यवस्था भएभन्दा बढी हुने गरी देहाय संस्थाहरुलाई प्रतिलिटर रु.२.५० दरले अनुदान वितरण भएकोले करकट्टी गरी बढी वितरण गरिएको अनुदान सम्बन्धित संस्थाबाट असुल गर्नुपर्दछ।

| क्र.स. | संस्थाको नाम | दुग्ध लि. | अनुदान दिनुपर्ने रु | अनुदान दिइएको रु | बढी दिइएको रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जनप्रिय दु.उ.स.सं.लि. | ३३७१९.० | १६६०६.० | ८३०३३.० | ६६४२७.० | |
| २ | गैरीखेत दु.उ.स.सं.लि. | २५६०३.० | १२६०९.० | ६३०४७.० | ५०४३८.० | |
| ३ | सृजना दु.उ.स.सं.लि. | ३४६४१.० | १७०६०.० | ८५३०३.० | ६८२४३.० | |
| ४ | गाजा दु.उ.स.सं.लि. | २४८५०.० | १२२३८.० | ६११९३.० | ४८९५५.० | |
| | **जम्मा** | **११८८१३.०** | **५८५१३.०** | **२९२५७६.०** | **२३४०६३.०** | |

| असुल गर्नुपर्ने | २,३४,०६३ |
|---|---|

३२ **विविध खर्च परीक्षण :**

३२.१ **विविध खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च तथा अतिथि सत्कार शीर्षकबाट रु.१९,९५,९४४ खर्च लेखेको छ । बिविध खर्च तथा अतिथि सत्कार गर्दा पालिकाको आन्तरिक स्रोतको अवस्था हेरी मितव्ययिता कायम गरी खर्च लेख्नु पर्दछ ।

३२.२ **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.१८,९५,८५९ भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्थाको पालना गरी पूर्ण रुपमा भ्रमण अभिलेख राखेर मात्र भ्रमण खर्च लेख्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।

३२.३ **ईन्धन खर्च :** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष रु.२६,९६,९६१ इन्धन शिर्षकमा खर्च लेखेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पालिकामा मोटर साइकल १४ थान, स्कुटर १ थान, पिक अप भ्यान १ थान र जिप १ थान रहेकोमा सवारी साधन अनुसार बार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । जसले गर्दा इन्धन खर्चमा पालिकाले मितव्ययिता अपनाएको छ भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन । इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट

मापदण्ड बनाई खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शी बनाउनु पर्दछ ।

३२.४ **वडा संचालन खर्च :** पालिकाले ८ वटा वडा कार्यालयको लागि रु.३२००००० बजेट विनियोजन गरी कार्यालय संचालन तथा सामाग्री खरिद गरेको आधारमा यो वर्ष रु.३१९५००० खर्च लेखेको छ ।तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन ।यस्तो अवस्थामा पालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) तयार गरी २०७८/७९ देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेकोले आर्थिक वर्ष २०७८/७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न मिल्दैन । पालिकाले यो वर्ष वडा सञ्चालन खर्चको लागि वडा कार्यालयहरुबाट खरिद गरिएका खर्च भएर जाने सामाग्री तथा विविध खर्च गरी जम्मा रु.३१९५००० म्यानुअल नै दाखिला गरेको देखियो ।सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पूर्ण रुपमा कार्यान्वियन हुनुपर्दछ ।

३३ **पदाधिकारी सुविधा :**

गण्डकी प्रदेश गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा जम्मा रु.९४,६०,९७१ पदाधिकारी सुविधामा भुक्तानी गरेको छ। कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ।

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। पालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि नेपाल सरकारबाट रु. ३००००००, विश्व बैंकबाट रु. ४५३७००० र पालिकाबाट रु. ६३००००० समेत गरी रु. १३८३७००० विनियोजन भएकोमा रु. १३४९०९६५.९८ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

३४.१ **कार्यक्रमबाट रोजगारी:** पालिकामा सुचिकृत १३६४ जना रहेकोमा ७५ जनालाई औसत ९९ दिन गरी जम्मा ७४११ दिन रोजगारी दिएको देखिन्छ। यस कार्यक्रम मार्फत पालिकाको क्षेत्रभित्रमा सञ्चालन भएका ९ वटा पदमार्ग निर्माण, सडक सुधार, मोटर बाटो सोलिङ, गोरेटो बाटो मर्मत लगायतका कार्यहरु गरिएका छन्। सञ्चालन गरिएका कार्यक्रम मार्फत धेरै बेरोजगार व्यक्तिहरुले अल्पकालीन रोजगारी प्राप्त भएता पनि दीर्घकालीन रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गरिएको पाइएन। यस कार्यक्रम मार्फत स्थानीयस्तरमा दीर्घकालीनम रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

३४.२ **उपलब्धीको समीक्षा:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन। निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनु पर्दछ।

३४.३ **सार्वजनिक सुनुवाई:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन। निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनु पर्दछ। तर पालिकाले समग्रमा ३/३ महिना सबै विषय समेटी गरेको जनाएको छ।

३५ **सवारी भाडा :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन¸ २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार पालिकामा १७ वटा साना सवारी साधन चालु अवस्था रहेको छ। पालिकाले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारी कार्यको लागि सवारी भाडामा रु.१८,३४,९२६ खर्च गरेको देखियो। नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलशिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानी पोखरा कार्यालयका पदाधिकारी तथा कर्मचारीको लागि सवारी भाडामा लिएको जनाई खर्च लेखेको देखियो। पालिकामा २ साना सवारी तथा १४ वटा मोटरसाइकल र १ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३६ **खेलकुद कार्यक्रम :**

पालिकाले यस वर्ष विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरी रु.७,८९,९११ खर्च गरेको छ ।वडाबाट, कला संस्कृती तथा खेलकुद विकास समितिबाट र युवा क्लव बाट विभिन्न प्रतियोगितामा आवश्यक सामाग्रीहरु खरिद गरी वितरण गरेको छ । पालिकाले प्रत्येक वर्ष विभिन्न क्लव र वडागत बजेट विनियोजन गरी क्लव, वडा कार्यालय र समितिले खर्च गरिरहेकोमा सो को उपलब्धी मापन गरेको देखिएन। वडाले प्रत्येक वर्ष कुन अनुपातमा के कति सामाग्री खरिद गरेको छ सो को अभिलेखीकरण नहुँदा खर्चमा मितव्ययीता तथा प्रभावकारी तवरले खर्च भएको देखिँदैंन ।अत: यस्तो खर्च गर्दा लगत राखी खर्च गर्नुपर्दछ र पालिकाले नै आर्थिक वर्षको लागि आवश्यक सामाग्री यकिन गरी एकमुष्ठ खरिद गरी वडामा सामाग्री वितरण गर्नु प्रभावकारी देखिन्छ ।

३७ **सुरक्षित आप्रवासन (सामी) तर्फः**

३७.१ नेपाल सरकार अर्थ मन्त्रालय तथा प्रदेश सरकारबाट जारी गरेको कार्यक्रम सुरक्षित आप्रवासन कार्यक्रम मार्गदर्शन, २०७९ एवं सुरक्षित आप्रवासन (सामी) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्दर्शन, २०८१ बमोजिम पालिकामा सूचना तथा परामर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीपमूलक तालिम मार्फत वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउन नेपाल सरकारद्धारा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा रहेकोमा उक्त कार्यक्रममा रहेको कुल बजेट रु. १५७०७९६/- मा १५५१३७३ खर्च भएको छ। स्थानीय तहमा वैदेशिक रोजगारसँग सम्बन्धी तथ्याङ्क संकलन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित बनाउदै थप उपलब्धि मुलक बनाउने यो कार्यक्रमको मूल उद्देश्य रहेको छ। उक्त कार्यक्रममा ४ जना कर्मचारीहरुलाई रु. ६०९७९६ पारिश्रमिक खर्च र अभिमुखिकरण, क्षमता विकास वित्तीय साक्षरता तथा बैठक लगायतका शीर्षकमा रु. ९४१५७७ खर्च गरेको देखियो। श्रेष्ता परीक्षण गर्दा वित्तीय साक्षरता र मनोपरामर्शको कार्यक्रम भएता पनि हालसम्म पार्श्व चित्र तयार भएको छैन। पालिकाले यसको प्रभावकारीताका लागि थप कदम चाल्न आवश्यक देखिन्छ।

३७.२ **हाजिरी बिना तलब भत्ता भुक्तानीः** सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१ को दफा २१(४) मा स्थानीय तहले कम्तीमा १ जना मनोसामाजिक परामर्शकर्ता नियुक्त गरी स्वास्थ्य शाखा मातहत परिचालन गर्नेछ भन्ने व्यवस्था रहेको छ भने दफा २४(६) मा स्थानीय तहले कम्तीमा १ जना वित्तीय साक्षरता सहजकर्ता नियुक्त तथा व्यवस्थापन गरी परिचालन गर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनको लागि १ जना मनोसामाजिक परामर्शकर्ता र १ जना वित्तीय साक्षरता सहजकर्ता नियुक्त गरेको देखियो। त्यसरी नियुक्त भएका कर्मचारीहरुले वर्षभरी नै पालिकाको मूल हाजिरी पुस्तिका/प्रणालीमा हाजिरी पुस्तिकामा हाजिरी जनाएको पाइएन। पालिकाको मूल हाजिरी पुस्तिका/प्रणालीमा हाजिरी नगरी/नगराई तलब भत्ता भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुका साथै हाजिरी जनाएको सुनिश्चित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३८ **गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रमः**

३८.१ **कार्यक्रम सञ्चालन** - गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ।पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष रु. २००००००/- विनियोज भएकोमा रु.

१७२७०००/- खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

३८.२ **कार्यक्रम बाँडफाँट-** गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेर कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छ। निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट व्यवस्थापन गरेतापनि सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, प्राविधिक सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरी चार शीर्षकको कार्यक्रमा खर्च गरेको देखिन्छ।

३८.३ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्वित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन।अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ।

३९ **कार्यक्रम खर्च परीक्षणः**

३९.१ **भलिबल प्रतियोगिता :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **४८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९.२ **खर्चको पुष्टयाई नभएको :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **३६,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९.३ **खर्च प्रमाण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल, भरपाई तथा कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले भौचर नं. ४४८ मिति ०८२।३।४ बाट बाल विवाह बाल श्रम शोषण तथा बाल अधिकारको लागि अभिमुखीकरण कार्यक्रम सन्चालन गरे वापत जिवन्त मिडिया प्रा.लि. लाई रु.२,१७,००० भुक्तानी दिएकोमा खर्च पुष्टयाईका आवश्यक कागजात, विल विजक भएको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट रु.२,१७,००० असुल गर्नुपर्ने ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१७,००० |

३९.४ **शीर्षक विपरित खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा कारोवार राख्ने प्रयोजनका लागि महालेखा नियन्त्रक कार्यालयले लेखाको ढाँचा र नियमावली, २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने

व्यवस्था रहेको छ ।भौ.न.५७९ मिति ८२।३।२५ बाट कार्यक्रम खर्च (८०४४५५०११०१) उल्लेख गरी उक्त शीर्षकबाट ऐन तथा नियमावली विपरित होटल वास खर्च, खाना खर्च तथा सञ्चार खर्च रु.१,२२,९३५ भुक्तानी भएको अनियमित देखिएको ।

| | |
|---|---|
| अनियमित भएको | १,२२,९३५ |

४० **अनुत्पादक खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले देहायका अनुत्पादक प्रयोजनमा खर्च गरेकोले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।केही उदाहरण -

| भौ. न / मिति | खर्चको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १२२-०८१।८।१८ | तिज कार्यक्रम | गुठी युवा क्लव | २०००० |
| १७२-०८१।९।२९ | खेलकुद मेला पर्व प्रोत्साहन कार्यक्रम | त्रिवेणी युवा क्लव | २५००० |
| ७६-०८१।७।२३ | कोट पुजा | वडा नं ८ | ६२५०० |
| २४६-०८१।१०।२९ | खेलकुद मेला पर्व प्रोत्साहन कार्यक्रम | लक्ष्मी मा.वि. | २५००० |
| १५९-०८१।९।१८ | कोट पुजा | वडा नं ५ | ६२५०० |

४१ **जिन्सी दाखिला :**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३५२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४२ **जिन्सी निरीक्षण :**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गराई जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने उल्लेख छ ।यस सम्वन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन :

• पालिकाले नियममा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित मालसामानको तोकिएको समयमा लिलाम एवम मर्मत कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

• पालिकाले जिन्सी सामान वडा कार्यालय तथा अन्य विषयगत शाखालाई हस्तान्तरण गर्दा सहायक जिन्सी खाता मार्फत हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

• मोबाईल, ल्यापटप, मोटरसाईकल, स्कुटर लगायतका सामानहरु सम्बन्धित कर्मचारी वा पदाधिकारीको नाममा छुट्टाछुटै ब्यक्तिगत लगत तयार गर्नुपर्ने देखिन्छ।

• पालिकाको स्वामित्वमा रहेका घर जग्गा र भवनको अभिलेख राख्नुपर्ने देखिन्छ।

• जिन्सी सामानहरुको PAMS मा मूल्य उल्लेख नगरी दाखिला गरेकोमा मूल्य खुलाउनुपर्ने देखिन्छ।

• पालिकाको स्वामित्मा रहेको जिन्सी सामानहरुको विवरण PAMS प्रणालीबाट PAMS V2 प्रणालीमा पूर्ण रुपमा स्थानान्तरण गर्नुपर्ने

देखिन्छ ।

• जिन्सी सामाग्रीहरु PAMS V2 प्रणालीमा दाखिला गरी प्राप्त प्रतिवेदनको अभिलेख तथा कार्यान्वयनलाई व्यवस्थित बनाउनुपर्दछ ।

४३ **शीर्षक फरक पारी खर्च :**

नेपाल सरकार एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ तथा अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ मा उल्लेख गरेको आधार लिइ तोकिएको खर्च संकेत भित्रको बजेट तोकिएको प्रयोजनमा खर्च गर्नु पर्दछ । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा सम्बन्धित बजेट शिर्षकमा बजेट विनियोजन भएमा मात्र खर्च गर्ने व्यवस्था छ। पालिकाले निम्न खर्च स्वीकृत खर्च शीर्षक भन्दा फरक पारी खर्च लेखेको देखिन्छ ।पालिकाले यसमा सुधार गर्नुपर्दछ।केही उदाहरण -

| **गो.भौ. नं. र मिति** | **विनियोजन खर्च शीर्षक** | **खर्च लेखिएको शिर्षक** | **रकम रु** |
|---|---|---|---|
| ५७१।०८२-३-२४ | सवारी साधन तथा मेशिनर औजार भाडा | सभा सञ्चालन खर्च | ३३००० |
| ४२२।०८२-२-२६ | सवारी साधन तथा मेशिनर औजार भाडा | सभा सञ्चालन खर्च | ३३३६६ |
| ११३।०८१-८-७ | सवारी साधन तथा मेशिनर औजार भाडा | विविध खर्च | ५५६० |

४४ **तालिम संचालन :**

तालिम संचालन गर्दा पालिकाले अर्थ मन्त्रालय वा गण्डकी प्रदेश खर्चको मापदण्ड,२०७९ मा उल्लिखित नर्म्सलाई आधार मानेर प्रस्तावना तयार गरी तालिम संचालन गर्नुपर्नेमा तालिम सञ्चालन गर्दा खर्चको प्रस्तावना तयार गरेको पाईएन।पालिकाले तालिम कार्यक्रमहरु सञ्चालन गर्दा फरक फरक यातायात खर्च, खाजा खर्चको फरक दर विवरण, स्रोत व्यक्तिको पारिश्रमिक, प्रतिवेदन लेखन वापतको पारिश्रमिक समेत फरक फरक उल्लेख गरेको पाईएको छ । तसर्थ अर्थ मन्त्रालय वा गण्डकी प्रदेश खर्चको मापदण्डमा उल्लेख भएको दररेट लाई आधार लिई पालिकाले कार्यक्रमको प्रस्तावनाको आधारमा स्रोत ब्यक्तिको पारिश्रमिक,यातायात खर्च र प्रतिवेदन लेखन रकम दिने ब्यवस्थाको पालना गर्नुपर्दछ ।

४५ **थप तथा जरिवाना दस्तुर भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली २०७७ को नियम ३९(११) बमोजिम सरकारी कारोबार गर्दा उचित गुणस्तर, मितव्ययी तथा हानि-नोक्सानी नहुने प्रबन्ध मिलाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष विद्युत महसुल तथा सवारी साधन दर्ता तथा नविकरण दस्तुर भुक्तानी गर्दा देहाय बमोजिम जरिवाना सहित भुक्तानी गरेको देखिन्छ । समयमा दायित्व भुक्तानी नगरेको कारण जरिवाना बापतको रकमले थप व्ययभार सिर्जना हुन गएकोले समयमा भुक्तानी गरी जरीवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्दछ ।उदाहरण –

| भौचर नं/ मिति | विवरण | रसिद नं | जरिवाना |
|---|---|---|---|
| ४०३।०८२-२-५ | सवारी साधन दर्ता तथा नविकरण | ५९३३७ | १४५० |
| ४०३।०८२-२-५ | सवारी साधन दर्ता तथा नविकरण | ५९३३८ | १६५० |
| ४०३।०८२-२-५ | सवारी साधन दर्ता तथा नविकरण | ५९३३६ | २१०० |
| ४०३।०८२-२-५ | सवारी साधन दर्ता तथा नविकरण | ५९३२५ | १५०० |
| ५४४।०८२-३-३ | विधुत महशुल | २२७३८ | ८५८ |
| ५४४।०८२-३-३ | विधुत महशुल | १५८२८ | २८५३ |
| ५४४।०८२-३-३ | विधुत महशुल | १५८२८ | १६९३ |
| ५४४।०८२-३-३ | विधुत महशुल | १५८२८ | १०१७ |

## ४६ **कन्टिन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.२७ लाख ०५ हजार ९५५ कन्टीन्जेन्सी खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्।

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

• कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ज स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

• कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

## ४७ **पालिकाका विभिन्न ठेक्काको अवस्थाः**

४७.१ **ठेक्काको अवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखी पठाउने व्यवस्थाहरू छन्। यस कार्यालय अन्तर्गत पालिकाको विभिन्न ७ वटा ठेक्काको निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी विभिन्न तालिका बमोजिम पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने गरी सम्झौता भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ:

| क्र.स. | योजनाको नाम | ठेक्का नं. | पि जी रकम रमिति | इन्सुरेन्स रकमर मिति | सम्झौता मिति | फर्मको नाम |
|---|---|---|---|---|---|---|
| १ | Upgrading of ekpata Baura Road | KRM/W/076-77-03 | 11600000(30th Dec 2026) | 418125(30th Jan 2027) | 26/02/2077 | Joshi-Nishan-Acharya JV |
| २ | Resha Primary Hospital Building | KRM/W/079-80-05 | 4610000 (10th Dec 2026) | 125000(15th Nov 2026) | 30/12/2080 | Jumli/Rs Jv |
| ३ | Bihun Suldana ( akshate) - Lekhani - Seti Chaur - Deurali Road Upgrading Work | KRM/W/080-81-01 | 5000000 (30th Dec 2026) | 1000000 (15th Dec 2026) | 20/09/2080 | Shantidevi-AA JV |
| ४ | Akshate - Ward No. 2 Office Bhimapokhara Road Upgrading Work | KRM/W/081-82-01 | 610000 (2082-11-30) | 50000 (30th Chaitra 2082) | 27/07/2081 | Karki Satyawati Construction \|Pvt.ltd |
| ५ | Ba.Na.Pa. 7 Kapre - Dhimi- Pala-Bhimapokhara Road Upgrading Works | KRM/W/081-82-02 | 1100000 (2082-11-30) | 300000 (2082-11-30) | 05/08/2081 | Jalchakra Construction\ |
| ६ | Infrastructure Development Works at Lekhani Healthpost | KRM/W/081-82-03 | 170000 (2082-11-30) | 30000 (2082-11-30) | 05/08/2081 | M.K Nirman Sewa |
| ७ | Kafalbot - Nunthala - Ward office - Dota - Bhirmuni Road Upgrading Works | KRM/RE-SQ/081-82-01 | 175000 (2082-10-30) | - | 30/07/2081 | Kauchha Nirman Sewa |

४७.२ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs. As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानतको धेरैको अपुग देखिन्छ। कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनुपर्दछ।

४७.३ **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायीसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्र्याक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायीले प्रत्येक ३० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रकम रोक्का राख्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम प्रत्येक ३० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन। सम्झौताको शर्त बमोजिमको रकम रोक्का राख्नुपर्ने देखिन्छ। कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने देखिन्छ। साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ।

४७.४ **बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ। उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माण कार्यको कार्यसम्पन्न हुने समय रहेका ठेक्कामा त्रुटि सच्याउने दायित्व DLP 12 month सम्म रहने हुदा बिमा अवधि सम्म मात्र रहेको देखियो। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ।

४७.५ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धी व्यवस्था रहेको छ। माथि तालिका अनुसार नम्बर ३ को Bihun Suldana(akshate) Lekhani – setichaur – Deurali Road upgrading work को मिति २०८२/०८/३० सम्म म्याद भएकोमा कार्यपालिकाले मिति २०८२/०३/३० एकमुष्ट थप गरेको देखिन्छ। म्याद थप गरेको भएता पनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन। अद्यावधिक प्रगति विवरण डेली डायरी नराखी स्ववीवेकीय तवरबाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ।

४८ **प्रस्ताव तथा ठेक्का अभिलेखः**

४८.१ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थितिः** सार्वजनिक निकायले हरेक योजनाको म.ले.प. बाट स्वीकृत फारमका आधारमा अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ। कार्यालयले यस आर्थिक वर्षमा सञ्चालन गरेका केही योजनाहरु गत बिगतमा केही भुक्तानी भएका र केही अधुरा समेत रहेका छन। एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अवस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले पुन:क्रमागत बजेटमार्फत योजना सञ्चालन गर्दा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ। परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढि परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम देखिन्छ। कार्यालयले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्याबधिक राखी तथा यकिन गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले यस वर्ष निर्माण कार्यको मलेपफान ५०१ देखी ५१४ सम्मका फारमहरु व्यवस्थापन गरेर नराखेका कारण यथार्थ अवस्था यकिन गर्न सकिएन। निर्माण कार्यको अभिलेख व्यवस्थित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

४८.२ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मुल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। पालिकाले यस वर्षको ठेक्का व्यवस्था भएको ठेक्का कार्यको अभिलेख राखेको देखिन्छ।

४८.३ **कार्य स्वीकार/कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा निर्माण व्यवसायीबाट कार्य स्वीकार प्रतिवेदन लिनु पर्ने र नियम १२५ अनुसार ३० दिन भित्र एज विल्ट नक्सा लिनु पर्ने र नियम ११५(१क) अनुसार त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्यको त्रुटि सच्याउने दायित्व नखुलाई कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार गरेको छ। नियमानुसार कार्यस्वीकार प्रतिवेदन तथा एज विल्ट नक्सा लिने एवं निर्माण व्यवसायीबाट त्रुटि सच्याउने दायित्वको अवधि भित्र त्रुटि सच्याउने दायित्व नरहेको सुनिश्चित हुने अभिलेख तयार गरी कार्यसम्पन्न प्रतिवेदन जारी हुनुपर्दछ।

४९ **प्रस्ताव तथा ठेक्का व्यवस्थापनः**

४९.१ **ठेक्का व्यवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा १ देखि ३३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्मशमानै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणीत गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै

गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमनको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.स. | योजनाको नाम | स्वीकृत ल ई भ्याट र कन्टेन्जेन्सि सहित | ठेक्का नं. | सम्झौता रकम | सम्झौता मिति | फर्मको नाम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | Upgrading of ekpata Baura Road | ९८४९९६०५.४ | KRM /w/076-77-03 | ६७१४७१२४.१ | २०७७।२।२६ | Joshi-Nishan-Acharya JV | ३२ |
| २ | Resha Primary Hospital Building | ४९८८७६६८.३ | KRM/W/079-80-05 | ३६४६५०१९.६ | २०८२।१२।३० | Jumli/Rs Jv | २७ |
| ३ | Bihun Suldana ( akshate) - Lekhani - Seti Chaur - Deurali Road Upgrading Work | ४९९८१७४२.८ | KRM/W/080-81-01 | ३३४८४२३६.० | २०८०।०९।२० | Shantidevi-AA JV | ३३ |
| ४ | Akshate - Ward No. 2 Office Bhimapokhara Road Upgrading Work | ६९९४४९८.० | KRM/W/081-82-01 | ५०७८१४२.७ | २०८१।०७।२१ | Karki Satyawati Construction \|Pvt.ltd | २७ |
| ५ | Ba.Na.Pa. 7 Kapre - Dhimi-Pala- Bhimapokhara Road Upgrading Works | ११९९१९५३.३ | KRM/W/081-82-02 | ८५९८६३६१.३ | २०८१।०७।२७ | Jalchakra Construction\ | २८ |
| ६ | Infrastructure Development Works at Lekhani Healthpost | ३८९२११४.६ | KRM/W/081-82-03 | ३८४११२१.३ | २०८१।०७।२७ | M.K Nirman Sewa | १ |
| ७ | Kafalbot - Nunthala - Ward office - Dota - Bhirmuni Road Upgrading Works | १९९९९३१.१ | KRM/RE-SQ/081-82-01 | १४४९४९८.० | २०८१।०७।३० | Kauchha Nirman Sewa | २८ |
| | **जम्मा** | **२२३२४७५१३.४** | | **१५६०६१५०३.०** | | | |

४९.२ **ठेक्का सम्झौताको पालनाः** खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ। यस कार्यालयले ७ कामका रू.१५ करोड ६० लाख ६१ हजार ठेक्का सम्झौताको काम गराउदा संयुक्त उपक्रमका सबै साझेदार काममा सहभागी नभएको, बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोविलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यवासायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ।यसबाट ठेक्काको समय र लागत वढ्न जान्छ । ठेक्का सम्झौतानुसार निर्माण

व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वियनमा आएका छैनन्। सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वियन गराउन ठेक्का कार्यान्वियन गर्ने पदाधिकारीलाई थप जिम्मेवार बनाउनुपर्दछ।

४९.३ **ठेक्काको पूर्वतयारीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। कार्यालयले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारीका कार्य नगरी ठेक्का लगाएको वा सडक, पुल तथा भवन निर्माण गर्ने ७ वटा ठेक्काहरूमा पूर्व तयारीको काम समावेश गरी रू.१५ करोड ६० लाख ६१ हजारको खरिद सम्झौता गरेको देखिन्छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माणको समय पनि पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि भएको छ। नियमको पूर्ण पालना गर्नुपर्दछ।

५० **उपभोक्ता समिति मार्फत कार्यः**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छ। लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको विवरण अनुसार गत विगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि रु.१ लाखभन्दा कमको योजना १५ वटा, रु १ लाख देखि पाँच लाख सम्मका योजना १८२ वटा, रु.५ लाखदेखि १० लाख सम्मका योजना २१ वटा, रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना १४ वटा लगायत २३२ वटा योजनाहरुको रु.८३७६५००९.० को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसँग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.६२८९७४४०.० को कार्य भएको देखिएकोमा रु.५७१७९४९.० को कार्य जनसहभागिताबाट गरी रु.५७१७९४८८.८२ भुक्तानी भएको विवरण पेश भएको छ। यस वर्ष सशर्त बाहेक पालिका पूँजीगत खर्च रु.१६२३५१२४७.० मध्ये उपभोक्ताबाट ३९ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ। जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन्।

५०.१ **योजनाको विवरणः** पालिकाले यसवर्ष उपभोक्ता समिति मार्फत देहाय बमोजिम कार्यहरु गरेको पाइन्छ। उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १५ | ८५६००० |
| २ | रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना | १८२ | ३६२०३८०० |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | २१ | १५७६४४०० |
| ४ | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | १४ | ३०९४०८०९ |
| | **जम्मा** | **२३२** | **८३७६५००९** |

५०.२ **कामको नाँपजाँच र हस्तान्तरणः** योजनाहरुको नापी किताबमा सवै प्राविधिक कर्मचारीको हस्ताक्षर भएको देखिन्छ। भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो। सम्झौता अनुसार कम कार्य गर्दा पनि कार्य सम्पन्न/ कार्य स्विकार प्रतिवेदन जारी गरेको छ। लागत अनुमानमा भएको कंक्रिटजन्य कार्य कम गर्ने कार्य पुरा गर्ने गरेको देखियो। योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन। कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको यकिन गर्न सकिएन। कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ।

५०.३ **भुक्तानीको सिफारिसः** योजनाहरुमा सम्वन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो। उपभोक्ताबाट सम्पादित केही कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरी फोटा राखेको देखिएन। सम्वन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको यकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिन्छ। यसबाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन।

५०.४ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ। कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो। उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ। कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट खर्च भएका विल विजकहरु पेश भएको छ। तर सम्पुर्ण भेरिफाई गर्ने प्रणाली नहुदाँ एकिन गर्न सकिएन। त्यसैले एक अर्कामा मेल खाने नखाने यकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ।

५०.५ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य ढलान बाटो निर्माण कार्य, बिधालय मर्मत सम्भार कार्य, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।

५०.६ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ग्राभल निर्माण कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, कार्य गरेको छ। यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईन्छ। केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ। परीक्षण गरेको भौचर नं ४५, ३३७, २७६, ३३५, २७, २८२, २६०, १७५ र ८५ लगायतका श्रेस्तामा खर्च सार्वजनिकिकरण गरेको छैन। कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ।

५०.७ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाईयो। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।

५१ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नु पर्ने र एकमुष्ठ बजेटलाई टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्नेमा यस पालिकाले १५ कामको रु.१० लाख भित्रका १५ वटा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा प्रतिष्पर्धा बेगर सोझै खरिद गराई रु.७५४५२८१.० भुक्तानी दिएको छ। एउटै निर्माण व्यवसायीबाट एकै वर्षमा एक पटक भन्दा बढि काम समेत गराएको छ। उक्त कानूनी व्यवस्था अनुसार प्रतिष्पर्धात्मक रुपले खरिद कार्य गर्नुपर्दछ।

५२ **ठेक्का नं. KRM/W/081-082-01 सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस कार्यालय अन्तर्गत ठे.नं. . KRM/W/081-082-01 अक्षेते देखि भिमपोखरा वडा नं. २ को कार्यालय सम्म निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी कार्की सत्यवती कन्सट्रक्सन प्रा. लि. सेवा बीच कवोल अंक रु. ५०७८१४२.२१ (मू.अ.कर समेत) को मिति २०८१।१०।३० मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०७।२१ मा सम्झौता भएको छ। हालसम्मको भुक्तानी रु. ४९३३६९७.०३ रहको छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

५२.१ **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायिसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायीले प्रत्येक ७ दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रु. ५० हजार रोक्का राख्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायिले सम्झौता बमोजिम प्रत्येक ७ दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन। सम्झौताको शर्त वमोजिम रु. ५० हजार रोक्का राख्नुपर्ने देखिन्छ। कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने देखिन्छ। साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ।

५२.२ **बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ। उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८१।१०।३० रहेकोमा त्रुटि सच्याउने दायित्व (DLP 12 month) नरहेको हुदा बिमा अवधि सम्म मात्र रहेको देखियो । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ।

५२.३ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs. As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानत रु.६१००००.० को मिति २०८२।११।३० सम्म रहेको देखिन्छ। कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनु पर्दछ।

५३ **ठेक्का नं. 2/KRM/W/081-082 सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन्। यस कार्यालय अन्तर्गत ठेक्का नं. 2/KRM/W/081-082 KA.NA.PA-7 Kapre-Ohimi-pala-Bimpokhara Road upgrading works निर्माण कार्यको लागि निर्माण व्यवसायी Jalchakra Pvt. Ltd. बीच कवोल अंक रु. ८५९६३६१.२५ (मू.अ.कर समेत) को मिति २०८१।१२।३० मा काम सम्पन्न गर्नेगरी भएको मा म्याद थप गरि मिति २०८१।०८।०५ मा सम्झौता भएको छ। हाल सम्म रु.८५३८८३८.० को वित्तीय प्रगति भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

५३.१ **अद्यावधिक कार्यतालिकाः** सम्झौताको SCC 34.1 The contractor shall submit for approval a program for the works within 15 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन। यसैगरी, SCC 34.3 मा The period between program updates is 30 days. The amount to be withheld for late submission of an updated program is 50000 रहेकोमा एक पटक मात्र अद्यावधिक कार्यतालिका पेश गरेको देखिएको छ। सम्झौताको पालना पुर्ण हुनुपर्दछ।

५३.२ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs. As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानत रु.११०००००.० को १ महिना अपुग भएको देखिन्छ। कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनुपर्दछ।

५३.३ **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ। उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८१।१२।२९ रहेकोमा त्रुटि सच्याउने दायित्व (DLP 12 month) नरहेको हुदा बिमा अवधि सम्म मात्र रहेको देखियो। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ।

## ५४ सामाजिक सुरक्षा भत्ता वितरण तर्फः

### ५४.१ सामाजिक सुरक्षा भत्ता वितरणः

सामाजिक सुरक्षा सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसारका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष कुल रु. १५१६३५४४७/- खर्च लेखेको छ।

| सि नं | लाभगाराही को बिबरण | मासिक दर | प्रथम त्रैमासिक | | दोश्रो त्रैमासिक | | तेश्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्म |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | |
| १ | अन्य जेष्ठ नागरिक | ४००० | २२९२ | २७४७६८७५ | २३१७ | २७५७७०५६ | २३३४ | २७७२८७०३ | २३५७ | २८१५९४१२ | ११० |
| २ | दलित जेष्ठ नागरिक | २६६० | ३११ | २४७५८७८ | ३०९ | २४३९३०८ | ३१८ | २५०८३८० | ३१८ | २५०८३८० | ९९ |
| ३ | एकल महिला | २६६० | १६७ | १३३२६६० | २०० | १५९०६८० | १९३ | १५४०१४० | १७६ | १४०४४८० | ५८ |
| ४ | विधवा | २६६० | ४७१ | ३७५३२६० | ४७३ | ३७६७५३५ | ४८५ | ३८३३९४७ | ४९२ | ३८९४२४० | १५२ |
| ५ | पुर्ण अपाङ्गता | ३९९० | ८९ | १०६००९३ | ८९ | १०६१३४० | ९१ | १०७३७१४ | ९० | १०६८९३४ | ४२ |
| | अति अशक्त अपाङ्गता | २१२८ | ११७ | ७५३३१२ | १२० | ७५७५६८ | १२० | ७६३९५२ | १२० | ७६०८६३ | ३० |
| ७ | बालबालिका | ५३२ | ३५६ | ५६२५४८ | ३७८ | ५८१५४९ | ३८४ | ५९७८६३ | ३८९ | ६०२७७७ | २३ |
| | जम्मा | | ३८०३ | ३७४१४६२६ | ३८८६ | ३७७७५०३६ | ३९२५ | ३८०४६६९९ | ३९४२ | ३८३९९०८६ | १५१ |

५४.२ **निस्क्रिय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने बैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६(३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। बैंकले निस्क्रिय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकोले वितरित रकम यकिन हुन सकेन। पालिकाले बैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ।

५४.३ **मृत्यु पश्चात रकम जम्मा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम ११(२) मा कुनलाभग्राहीको मृत्यु भएमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिन भित्र घटना दर्ता गराउनुपर्छ र घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ। नियम १५(४) मा मृत्यु भएका लाभग्राहीको मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। पालिका निकासा भएको सामाजिक सुरक्षा भत्ता वितरणको नमुना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिम विवरण भएका लाभग्राहीहरुको लगतकट्टी गरेर पनि लाभग्राहीको खातामा सामाजिक सुरक्षा वापतको रकम नघटाइ बैंकमा जम्मा गरेको देखिएकेले देहाय बमोजिम लगत कट्टा पश्चात जम्मा भएको रकम रु. ११७९६४/- फिर्ता गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने।

| क.सं. | लाभग्राहीको नाम | वडा नं. | ना.प्र.नं. | लगत कट्टा मिति | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १. | चन्द्रकली राना मगर | १ | १८८६ | २०८२/०३/१७ | १७३३ |
| २ | लालमती वि.क. | १ | ५०-०१-७४-०२२२४ | २०८२/०३/१८ | १५९९ |
| ३ | तिल कुमारी भण्डारी | १ | २१६६ | २०८१/०६/१५ | २००० |
| ४ | बसुन्धारा दर्जी | १ | ५०३००३ | २०८१/१२/२५ | ६६६ |
| ५ | मनि थापा | १ | ८७३ | २०८१/०९/२२ | ७०९ |
| ६ | जय बहादुर सुनार | २ | ५०३०१२२९० | २०८१/१२/२५ | ४४३ |
| ७ | पवि घर्ति मगर | २ | १०५६/५२३ | २०८२/०३/२५ | ६६६ |
| ८ | फकली पुन | ४ | ९८३५-२८७५ | २०८२/०२/१२ | १७३३ |
| ९ | तुलसी पुन | ४ | ५३२० | २०८१/१०/०४ | ७६२६ |
| १० | कर्ण बहादुर पुन | ४ | १८८८१/१९५० | २०८१/११/२५ | ४६६६ |
| ११ | खड्ग बहादुर थापा | ४ | ६५/२१८८ | २०८१/०६/०८ | २९३३ |
| १२ | लिला वि.क. | ४ | १४१२-६०९ | २०८२/०३/०७ | ३०६६ |
| १३ | तिले दर्जी | ४ | ९२५०-२००६ | २०८२/०३/२० | १३३३ |
| १४ | हरिकला थापा | ४ | २०१५ | २०८१/०९/२६ | ५३३ |
| १५ | भवीकला पुन | ४ | ९५४९२२१७ | २०८१/०५/०७ | ७०६६ |
| १६ | गोविन्द प्रसाद शर्मा कंडेल | ५ | २०३ | २०८२/०३/१५ | २००० |
| १७ | गँगा बहादुर घर्ती | ५ | १०८८ | २०८१/०६/१३ | २२६६ |
| १८ | कृष्णलाल कडेल | ५ | १०००-८९१ | २०८१/०५/१५ | ६००० |
| १९ | अम्वी दमिनी | ५ | ७१६-६५२ | २०८१/१०/११ | २११९९ |
| २० | उजेली वि.क. | ५ | २६९ | २०८१/११/१४ | ६१३३ |
| २१ | हरीकला कंडेल | ५ | २५ | २०८/२०३/१५ | २००० |
| २२ | भविकला कंडेल | ६ | २१७७ | २०८२/०३/१५ | २००० |
| २३ | ज्ञानधरी कंडेल | ६ | १२१२२७७८ | २०८२/०३/०६ | ३१९९ |
| २४ | खैकुमारी कंडेल | ६ | १०६२२२७७ | २०८१/०६/२० | १३३३ |
| २५ | डिल प्रसाद कंडेल | ६ | २८१९६५९ | २०८१/०६/२६ | ५३३ |
| २६ | पिताम्बर गौतम | ६ | २८८२७ | २०८१/०६/०५ | १५३३३ |
| २७ | पूर्ण बहादुर गुरुङ | ७ | २०६२-४४५६ | २०८१/०५/१६ | ५८६६ |
| २८ | पुर्नि कुंवर | ७ | ४२७७ | २०८१/०६/२२ | १०६६ |
| २९ | तुलसी देवी कँडेल | ८ | ६२७३००९ | २०८१/०४/०६ | ११११९९ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | पबित्रा कँडेल | ८ | २९०९ | २०८१/०६/२८ | २६६ |
| ३१ | खगी कुमारी श्रेष्ठ | ८ | ५१५६९ | २०८१/०६/२४ | ७९९ |
| | **जम्मा** | | | | **११७९६४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१७,९६४ |

५४.४ **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी बन्द गर्ने तर्फ पालिकाको ध्यान केन्द्रीत हुनु पर्दछ।

५४.५ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ।पालिकाले निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण समिति गठन गरीएको पाइएन। कार्यविधिमा उल्लिखित व्यहोराको पूर्णरुपमा पालना गर्नुपर्दछ।

५४.६ **पारदर्शीता कायमः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ। स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ। भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामावली सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामावली सम्बन्धित स्थानीय तहको वेबसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन। अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : काठेखोला गाउँपालिका, बाग्लुङ , काठेखोला गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Churna Bahadur Karki | २०७७-५-१५ | २०८२-०७-११ |
| लेखा प्रमुख | माधब शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९१८,९१० | १२२,९३५ | २,०७८,२५९ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३,१२०,१०४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,०३७,१९१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १,०८२,९१३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २९१३४९९० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२३४५९०२८ | **चालु खर्च** | ३६७९५३९८८ |
| **प्रदेश सरकारबाट अनुदान** | २१८०२००० | **पूँजीगत खर्च** | १६६७३६२७७ |
| **राजश्व बाँडफाँट** | ८५९७७५३३ | **वित्तीय/अन्य व्यवस्था** | १९१७४११९२ |
| **आन्तरिक आय** | ७३०६९८२.० | | |
| **अन्य आय** | १७२४३९२२३ | | |
| **कुल आय** | ७१०९८४७६६.० | **कुल खर्च** | ७२६४३१४५७ |
| **बाँकी मौज्दात** | | १३६८८२९९ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८,९१,९८,८०३.२४ | ० | ८,९१,९८,८०३.२४ | ८,२६,१८,९८६.८५ | ० | ८,२६,१८,९८६.८५ |
| १३००० | अनुदान | ४२,६५,०३,०३४.५० | ० | ४२,६५,०३,०३४.५० | ४०,५९,०९,५३०.४० | ० | ४०,५९,०९,५३०.४० |
| १४००० | अन्य राजस्व | ५२,४१,७०१.६६ | ० | ५२,४१,७०१.६६ | ४७,५१,५९६.६४ | ० | ४७,५१,५९६.६४ |
| १५००० | विविध प्राप्ति | ६९,०५,५९२.०० | ० | ६९,०५,५९२.०० | ६५,५७७.०० | ० | ६५,५७७.०० |
| क | **कुल जम्मा प्राप्ति** | ५२,७८,४९,१३१.४० | | ५२,७८,४९,१३१.४० | ४९,३३,४५,६९०.८९ | | ४९,३३,४५,६९०.८९ |
| ३ | चालु | ३७,१५,८८,१९८.३० | ० | ३७,१५,८८,१९८.३० | ३५,११,२३,३६४.७८ | ० | ३५,११,२३,३६४.७८ |
| २१००० | पारिश्रमिक / सुविधा | २३,८८,२४,०६६.९० | ० | २३,८८,२४,०६६.९० | २४,५८,१३,७४३.७८ | ० | २४,५८,१३,७४३.७८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १२,६९,७६,२२५.४० | ० | १२,६९,७६,२२५.४० | ८,३६,५४,४६३.०० | ० | ८,३६,५४,४६३.०० |
| २५००० | सहायता (Subsidy) | ० | ० | ० | १,३१,४२,८०१.०० | ० | १,३१,४२,८०१.०० |
| २७००० | सामाजिक सुरक्षा | ३७,५८,९७३.०० | ० | ३७,५८,९७३.०० | ६९,३६,४०७.०० | ० | ६९,३६,४०७.०० |
| २८००० | अन्य खर्च | २०,२८,९३३.०० | ० | २०,२८,९३३.०० | १५,७५,९५०.०० | ० | १५,७५,९५०.०० |
| ४ | पूंजीगत | १६,४३,२४,६७७.०० | ० | १६,४३,२४,६७७.०० | १५,४४,०९,३३२.०० | ० | १५,४४,०९,३३२.०० |
| ३१११० | भवन तथा संरचना | २,५७,१५,५४८.०० | ० | २,५७,१५,५४८.०० | ३,४७,३४३.०० | ० | ३,४७,३४३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, | ४१,७६,८३६.०० | ० | ४१,७६,८३६.०० | १७,७६,७००.०० | ० | १७,७६,७००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | फर्निचर्स तथा फिक्चर्स | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | १,६८,६०,४८१.०० | ० | १,६८,६०,४८१.०० | ४,३६,५७,६४३.०० | ० | ४,३६,५७,६४३.०० |
| ३११५० | सार्वजनिक निर्माण | ११,७५,७१,८१२.०० | ० | ११,७५,७१,८१२.०० | १०,७६,४२,२६०.०० | ० | १०,७६,४२,२६०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ० | ९,८५,३८६.०० | ० | ९,८५,३८६.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ५३,५९,१२,८७५.३० | | ५३,५९,१२,८७५.३० | ५०,५५,३२,६९६.७८ | | ५०,५५,३२,६९६.७८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (८०,६३,७४३.९०) | | (८०,६३,७४३.९०) | (१,२१,८७,००५.८९) | | (१,२१,८७,००५.८९) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | (७५,३९,३६६.००) | | (७५,३९,३६६.००) | २,७०,९९१.७५ | | २,७०,९९१.७५ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | -३५,५३९.०० | | -३५,५३९.०० |
| ङ) | **यस आ.ब.को नगद तथा बैक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | (१,५६,०३,१०९.९०) | | (१,५६,०३,१०९.९०) | (१,१९,१६,०१४.१४) | | (१,१९,१६,०१४.१४) |
| च) | **गत आ.व.को** | २,९०,९९,४५१.५४ | | २,९०,९९,४५१.५४ | ४,१०,१५,४६५.६८ | | ४,१०,१५,४६५.६८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नगद तथा बैंक मौज्दात | | | | | | |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १,३४,९६,३४१.६४ | | १,३४,९६,३४१.६४ | २,९०,९९,४५१.५४ | | २,९०,९९,४५१.५४ |

## बेरूजु दफा २८.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स. | वडा | इमिस कोड | विद्यालयको नाम | विद्यार्थी | शिक्षक | अनुपात |
|---|---|---|---|---|---|---|
| १ | १ | ४५०५३०००१ | Baraha Basic School (1-5) | २५ | ४ | ६.२५ |
| २ | १ | ४५०४३०००४ | Dhimi Karina Secondary School | १३६ | १४ | ९.७१ |
| ३ | १ | ४५०४३०००३ | Jana Kalyan Basic School | ९० | ७ | १२.८६ |
| ४ | १ | ४५०४३०००२ | Saraswati Basic School (1-5) | ३२ | ४ | ८.०० |
| ५ | २ | ४५००८०००२ | Amar Basic School (1-5) | ४८ | ३ | १६.०० |
| ६ | २ | ४५००८००१३ | Babira Basic School (1-3) | ६ | १ | ६.०० |
| ७ | २ | ४५००८०००३ | Bhima DarbarBasic School (1-5) | ७५ | ४ | १८.७५ |
| ८ | २ | ४५००८०००१ | Hari Kamal Basic School (1-5) | ३६ | ३ | १२.०० |
| ९ | २ | ४५००८०००८ | Jana Kalyan Secondary School | २०६ | १६ | १२.८८ |
| १० | २ | ४५००८०००७ | Jana Priya Basic School | ५९ | ७ | ८.४३ |
| ११ | २ | ४५००८००१५ | Kalika Basic School (1-3) | ६ | १ | ६.०० |
| १२ | २ | ४५००८०००४ | Mundridev Basic School | ४३ | ६ | ७.१७ |
| १३ | २ | ४५००८०००५ | Shivalaya Basic School | ४९ | ७ | ७.०० |
| १४ | ३ | ४५०२१०००६ | Jana Ekta Basic School (1-5) | ३० | ३ | १०.०० |
| १५ | ३ | ४५०२१०००१ | Jana Priya Basic School(1-5) | ४० | ३ | १३.३३ |
| १६ | ३ | ४५०२१०००२ | Janata Secondary School | १४४ | ११ | १३.०९ |
| १७ | ३ | ४५०२१०००४ | laxmi Secondary School | १०७ | १६ | ६.६९ |
| १८ | ३ | ४५०२१०००५ | Nirmal Basic School (1-5) | २३ | ५ | ४.६० |
| १९ | ३ | ४५०२१०००८ | Unique Basic School | ७५ | ५ | १५.०० |
| २० | ४ | ४५०५८०००५ | Barlung Basic School (1-2) | ० | १ | ०.०० |
| २१ | ४ | ४५०५८०००३ | Bhume Basic School | ३१ | ७ | ४.४३ |
| २२ | ४ | ४५०५८०००१ | Chandra Basic School (1-5) | ५९ | ७ | ८.४३ |
| २३ | ४ | ४५०५८०००७ | Dhara Secondary School | ३१० | १६ | १९.३८ |
| २४ | ४ | ४५०५८०००८ | Ganatantra Basic School (1-3) | १५ | २ | ७.५० |
| २५ | ४ | ४५०५८०००६ | Muktinath Basic School | १०२ | ७ | १४.५७ |
| | | | Narayani Secondary School | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | ४ | ४५०५८०००९ | | २२५ | १६ | १४.०६ |
| २७ | ४ | ४५०५८०००४ | Pashupati Basic School (1-5) | २७ | ३ | ९.०० |
| २८ | ५ | ४५०१००००६ | Amar Secondary School | ३६८ | २१ | १७.५२ |
| २९ | ५ | ४५०१००००७ | Gram Bikash Basic School | ७२ | ८ | ९.०० |
| ३० | ५ | ४५०१००००२ | Himalaya Basic School (1-3) | ० | १ | ०.०० |
| ३१ | ५ | ४५०१०००१३ | Karlim Basic School | ९९ | १० | ९.९० |
| ३२ | ५ | ४५०१०००१० | Nawa Yuwak Basic School | १११ | ६ | १८.५० |
| ३३ | ६ | ४५०१००००१ | Amar Basic School (1-5) | ७२ | ४ | १८.०० |
| ३४ | ६ | ४५०१०००१४ | Amritpani Basic School | ९३ | ८ | ११.६३ |
| ३५ | ६ | ४५०१००००५ | Bhimsen Secondary School | ३०५ | २७ | ११.३० |
| ३६ | ६ | ४५०१००००३ | Kholatir Basic School (1-5) | १८ | ३ | ६.०० |
| ३७ | ६ | ४५०१०००११ | Prajatantrodaya Basic School (1-3) | ७ | १ | ७.०० |
| ३८ | ७ | ४५०४९०००६ | Dhawalagiri Basic School (Class 1-5) | २८ | ३ | ९.३३ |
| ३९ | ७ | ४५०४९०००८ | Jana Kalyan Basic School | १०३ | ९ | ११.४४ |
| ४० | ७ | ४५०४९०००१ | Kalika Basic School (1-3) | १८ | २ | ९.०० |
| ४१ | ७ | ४५०४९०००७ | Krishna Basic School (1-5) | २५ | ३ | ८.३३ |
| ४२ | ७ | ४५०४९०००९ | Odan DandaBasic School (1-3) | ३८ | २ | १९.०० |
| ४३ | ७ | ४५०४९०००३ | Resha Nunthala Secondary School | २६८ | १८ | १४.८९ |
| ४४ | ७ | ४५०४९०००२ | Saraswati Basic School (Class 1-5) | २६ | ३ | ८.६७ |
| ४५ | ७ | ४५०४९०००५ | Shree Paropakar Basic School (1-1) | २१ | २ | १०.५० |
| ४६ | ८ | ४५०३५०००४ | Kadesh Basic School | ९० | ७ | १२.८६ |
| ४७ | ८ | ४५०३५०००२ | Kasiram Chhantyal Basic School (1-5) | ५३ | ४ | १३.२५ |
| ४८ | ८ | ४५०३५०००१ | Lekhani Secondary School | २४७ | १८ | १३.७२ |
| ४९ | ८ | ४५०३५०००३ | Saraswati Basic School (1-5) | ३३ | ३ | ११.०० |
| | | कूल जम्मा | | ४०९४ | ३४२ | ११.९७ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।